प्रतिदिन १७औँ वार्षिकोत्सव

# प्रतिदिन

राष्ट्रिय दैनिक

PRATIDIN NATIONAL DAILY

**नसर्ने रोगबाट बच्ने उपाय**

- धूमपान र मद्यपान नगरौं,
- दैनिक शारीरिक व्यायाम गरौं,
- मानसिक तनावबाट मुक्त रहौं,
- अस्वस्थकर खानपान र जीवनशैली नअपनाऔं,
- स्वस्थकर र सन्तुलित भोजन गरौं,
- नियमित स्वास्थ्य जाँच गरौं,
- समयमै नसर्ने रोगको जाँच गराऔं, स्वस्थ र दीर्घ जीवन बाँचौ ।

नेपाल सरकार विज्ञापन बोर्ड

वर्ष-१७ ।। अङ्क : ११७ ॥ २०८२ जेठ २३ गते शुक्रबार (6th June 2025 Friday) **Pratidin** National Daily मूल्य-रु.५/-

# विपद्को ठूलो डर डाइभर्सनमै

झापा(प्रस) । यस वर्षको मनसुनमा सबैभन्दा ठूलो विपद् डाइभर्सनमै आइपर्ने देखिएको छ ।

मनसुन सुरु हुनुअगावै पूर्वपश्चिम राजमार्गको पूर्वीखण्डमा निर्माणाधीन एसियन हाइवेको डाइभर्सनमा समस्या शुरु भइसकेको छ । बर्खाको झरी पर्न थालेपछि समस्या अझ बढ्ने देखिएको हो । डाइभर्सनकै कारण लगातार सवारी दुर्घटना भइरहनुका साथै सवारी आवागमन अवरुद्ध हुने क्रम जारी छ । यतिखेर आफूहरुका लागि डाइभर्सन ठूलो टाउको दुखाई बनेको एक ट्राफिक प्रहरीले सुनाए । डाइभर्सन भत्किएर यातायात अवरुद्ध हुने , डाइभर्सनमै दुर्घटना भइरहने समस्याले सताएको ती ट्राफिक प्रहरीले बताए । दुई साताअघि जेठ १५ गते परेको पानीले झापामा करिव आधा दर्जन डाइभर्सन भत्किएको थियो । जसका कारण पूर्वपश्चिम राजमार्गमा यातायात अवरुद्ध बनेको थियो । काली खोला , काली झोडा, ढुकुरे , भालु खोला लगायतका ठाउँमा डाइभर्सन भत्किएको हो । केही घण्टाको अवरोधपछि डाइभर्सन मर्मत गरी यातायात सुचारु गरिएको थियो ।

त्यसो त डाइभर्सनमा लगातार सवारी दुर्घटना हुँदै आएको छ । जेठ १३ गते मेचीनगर नगरपालिका वडा न.१४ धाइजन चोकनजिक डाइभर्सनमा ट्रकको ठक्करबाट मोटरसाइकलमा सवार एक युवतीको मृत्यु भएको थियो ।

काँकरभिट्टाबाट बिर्तामोडतर्फ आउँदै गरेको प्रदेश १-०१-०१४ प. ५१५२ न.को मोटरसाइकललाई सोही दिशाबाट आउँदै गरेको प्रदेश १-०१-००१ ख. ४७११ न.को ट्रकले साइडबाट ठक्कर दिएको थियो ।

त्यस्तै गत मंसिर ३० गते शिवसताक्षीमा सडक निर्माणका लागि बनाइएको डाइभर्सनमा भएको दुर्घटनामा मेचीनगर-५ का ४२ वर्षीय सन्तोषकुमार लिम्बूको मृत्यु भएको थियो ।

साँझ करिब ७ बजे मे ९ प ६२४ नम्बरको मोटरसाइकल डाइभर्सनमा रोकिराखेको को. २ त ४१४५ नम्बरको ट्र्याक्टरको पछाडिको भागमा ठोक्किएको थियो। डाइभर्सनमा सामान्य दुर्घटना दिनहुँ भइरहेको जिल्ला ट्राफिक प्रहरी कार्यालयले जनाएको छ ।



मनसुनी वर्षा सुरु भएपछि सडक निर्माणका क्रममा बनाइएका डाइभर्सन बाढीले बगाएर यातायात समेत अवरुद्ध हुनसक्ने जोखिम बढेकाले त्यसतर्फ भौतिक योजना मन्त्रालयको ध्यानाकर्षण गराइएको नेपाल रेडक्रस सोसाइटी झापाका सभापति लोकराज ढकालले बताए । ' यस वर्ष डाइभर्सनका कारण ठूलै जोखिम निम्तिन सक्छ' उनले भने ,' डाइभर्सन भत्किएर आवतजावत बन्द भयो भने सबैखाले विपद् पीडितहरु प्रभावित बन्न सक्छन् । '

एसियन हाइवेको ठेक्का लिएका निर्माण कम्पनीले डाइभर्सन हटाउने कार्य गरिरहेको छ । जेठभरिमा झापामा भएका ३० वटा डाइभर्सन हटाउन आफूहरुले निर्देशन दिएको सहायक प्रमुख जिल्ला अधिकारी तेजप्रकाश प्रसाईले बताए । पूर्वी खण्डको ठेक्का लिएको कालिका कन्स्ट्रक्सनका सुन्दर प्रसाईलाई पूर्व स्वीकृति नलिई जिल्ला नछाड्न आफूहरुले भनेको उनले जानकारी दिए । बढीभन्दा बढी डाइभर्सन हटाउने प्रयास गरिरहेका निर्माण कम्पनीका प्रसाईले बाँकी रहने डाइभर्सनमा पनि यातायात अवरोध हुन नदिने भनेर बताएको सहायक प्रजिअ प्रसाईले जानकारी दिए ।

केही दिनअघि डाइभर्सनको काम सम्पन्न गरिसक्न काँकडभिट्टा-लौकही सडक योजना कार्यालय (पूर्वी खण्ड) दमकले निर्देशन दिएको थियो ।

एशियाली विकास बैंकको सहयोगमा रु १० अर्बको लगानीमा एसियन हाइवेको स्तरोन्नति भइरहेको छ । निर्माण सम्बन्धी ठेक्का लिएको निर्माण कम्पनीलाई डाइभर्सनको काम चाँडो सक्न पत्राचारमार्फत निर्देशन दिइएको कार्यालयका आयोजना प्रमुख इन्जिनियर सुनिलबाबु पन्तले बताए ।

हालसम्म सडक निर्माणमा १९ प्रतिशत र पुल कल्भर्ट निर्माणमा १७ प्रतिशत मात्र भौतिक प्रगति भएको छ । निर्माणमा विलम्ब नगर्न पटकपटक पत्राचार गरिरहँदा समेत निर्माण कम्पनीको प्रगति सन्तोषजनक देखिएको छैन ।

# बिर्तामोडमा फेरि लाखौंको चोरी

झापा(प्रस) । झापाको बिर्तामोडमा चोरीको घटनाले लगातार प्रश्रय पाउँदै गएको छ। बुधवार दिनदहाडै बिर्तामोड १ मा फेरि चोरी भएको हो । करिव एक महिनाको अवधिमा बिर्तामोडको चार ठाउँबाट एक करोडभन्दा बढीको धनमाल चोरी भइसकेको छ ।

बिर्तामोड वडा न.१ हनुमान टोल बस्ने विवेक पाण्डे र पुष्कर पाण्डेको घरबाट लाखौंको धनमाल चोरी भएको हो । हनुमान टोल बस्ने विवेक पाण्डे र पुष्कर पाण्डेको-३ तले घरमा दोस्रो र तेस्रो तलामा दाजुभाई बस्ने गरेकोमा दिउँसो घरमा कोही नभएको अवस्थामा पहिलो तलाको सिँडीमुनि लुकाई राकेको चाबी लगी दुबै तलाबाट चोरी भएको हो । मुल ढोकाको ताला खोली घरभित्र रहेको विवेक पाण्डेको ६ तोला बराबरको सुनको गरगहना र पुष्कर पाण्डेको ६ तोला सुनको गरगहना र नगद रु ५० हजार गरी अन्दाजी २२ लाख बराबरको धनमाल चोरी भएको प्रहरीले जनाएको छ ।

घटनाबारे इलाका प्रहरी कार्यालय बिर्तामोडमा जानकारी गराउनसाथ हुनासाथ डीएसपी बिजय श्रेष्ठको कमाण्डमा टोली खटिएर चोरी गर्ने ब्यक्तिको पहिचान तथा खोजतलास गर्ने कार्य भइरहेको जनाइएको छ ।

यसअघि जेठ १७ गते राति बिर्तामोड-१०, बिराटपोखरमा लाखौंको चोरी भएको थियो । ध्रुवप्रसाद शिवाकोटीको घरबाट १७ तोला सुन र नगद तीन लाख रुपैयाँ चोरी भएको हो । घरमा कोही नभएको मौकामा मुख्य ढोकाको ताल्चा फुटाई दराजभित्र रहेको १७ तोला सुन र नगद रु ३ लाख गरी जम्मा ३४ लाख ९२ हजार बराबरको चोरी भएको थियो ।

यसअघि गत बैशाख २६ गते बिर्तामोडमा दिनदहाडै १९ लाख बराबरको धनमाल चोरी भएको थियो ।बिर्तामोड वडा नं. ३ पुण्डरी टोल बस्ने किरण दाहालको अढाई तले घरबाट नगद र गरगहना चोरी भएको थियो ।

त्यसअघि बैशाख १५ गते दिनदहाडै ढोका फोरी बिर्तामोड नगरपालिका वडा न.४ हिमशिखर टोल बस्ने कमला कार्कीको घरबाट २९ लाख बराबरको धनमाल चोरी भएको थियो ।

# बिर्तामोडमा श्रृंखलावद्ध चोरीमा संलग्न तीन पक्राउ

झापा(प्रस) । झापाको बिर्तामोडमा श्रृंखलावद्ध चोरी भइरहेको अबस्थामा चोरीमा संलग्न तीनजना पक्राउ परेका छन् ।

करिव एक महिनाअघि बिर्तामोड वडा न. ४ बस्ने कमला कार्कीको घरबाट लाखौंको धनमाल चोरी भएको थियो । त्यस घटनामा संलग्नहरु पक्राउ परेका हुन् ।गत बैशाख १५ गते दिउँसो १ः३० बजे कार्कीको घरको मुल ढोकामा लगाएको ताल्चा फोरी कोठाभित्र रहेको दराज फुटाई दराजको सेफ लकरमा राखेको नगद तथा ढिका सुन-५ तोला, पाँच तोला आठ आनी सुनबाट तयार गरिएको सुनको गहनाहरुः-ब्रास्लेट थान-१, सिक्री थान-२, एक तोला आठ आनीको सुनको औंठी-२ थान, चार आनी सुनको चन्द्रमा थान-१ र तीन तोला सुनबाट तयार गरिएको सुनको

❖ बाँकी अन्तिम पृष्ठमा

# पूर्वप्रधानमन्त्री नेपालमाथि भ्रष्टाचार मुद्दा

झापा(प्रस) । पतञ्जली जग्गा हिनामिना प्रकरणमा पूर्वप्रधानमन्त्री एवं नेकपा एसका अध्यक्ष माधवकुमार नेपालसहितलाई प्रतिवादी बनाएर दायर गरिएको भ्रष्टाचार मुद्दामा १८ करोड ५८ लाख ५० हजार रुपैयाँ बिगो कायम गरिएको छ । पूर्वप्रधानमन्त्री नेपाल, तत्कालीन भूमि सुधार मन्त्रालयका सचिव छविराज पन्त तथा पतञ्जली योगपीठ तथा आयुर्वेद कम्पनी, नेपालका प्रमुख शालिग्राम सिंहसहित ९३ जनालाई प्रतिवादी बनाएर अख्तियार दुरुपयोग अनुसन्धान आयोगले बिहीबार विशेष अदालतमा मुद्दा दायर गरेको हो ।

यसैबीच एकीकृत समाजवादीका अध्यक्ष तथा पूर्व प्रधानमन्त्री नेपालको सांसद पद निलम्बन भएको छ ।

उनीविरुद्ध बिहीबार अख्तियारले विशेष अदालतमा भ्रष्टाचार मुद्दा दायर भएसँगै नेपालको सांसद पद निलम्बन भएको हो ।

पतञ्जलिको जग्गा सट्टापट्टा प्रकरणमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगले नेपालविरुद्ध बिहीबार भ्रष्टाचार मुद्दा दायर गरेको हो । भ्रष्टाचारविरुद्ध मुद्दा किनारा नलागेसम्म सांसद पद स्वतः निलम्बन हुने व्यवस्था छ

उता पूर्वप्रधानमन्त्री नेपालले मन्त्रिपरिषद्मा आउने प्रस्तावहरू कानुनसम्मत छन्/छैनन्

❖ बाँकी तेस्रो पृष्ठमा

# बिर्तामोडमा मनाइयो गायत्री जयन्ती

झापा(प्रस)। झापाको बिर्तामोडमा पहिलो पटक गायत्री जयन्ती मनाइएको छ । गायत्री माता मन्दिर व्यवस्थापन समिति बिर्तामोड - ५ को आयोजनामा गायत्री जयन्ती मनाइएको हो ।

गायत्री जयन्तीको अवसरमा मन्दिर परिसरबाट निकालिएको निशान यात्राले बिर्तामोड नगर परिक्रमा गरेको थियो । विभिन्न संघ संस्थाका पदाधिकार ीसहित भक्तजन ,बटुक, स्काउट तथा धार्मिक एवम् सामाजिक व्यक्तिहरुको सहभागितामा निकालिएको र्‍याली बिर्तामोड नगर परिक्रमापछि पुनः मन्दिर परिसरमा पुगेको थियो ।



यस अवसरमा मन्दिरका संस्थापक अध्यक्ष रोनक वंशल , मन्दिर व्यवस्थापन समितिका अध्यक्ष विवेक अग्रवाललगायतले मन्दिरमा आएका श्रद्धालु भक्तजनलाई स्वागत गरेका थिए ।

पूर्वमै पहिलो पटक अढाई करोड रुपैयाँको लागतमा मन्दिर निर्माण भएसंगै गायत्री जयन्ती समेत पहिलो पटक मनाइएको हो । गायत्री जयन्तीमा जिल्ला ट्राफिक प्रहरी कार्यालय झापाका प्रमुख गणेश पौडेल, बिर्तामोड नगरपालिका वडा नम्वर ५ का वडाध्यक्ष रोहित प्रसाई, बिर्तामोड साना सहरी खानेपानी तथा सरसफाई उपभोक्ता संस्थाका अध्यक्ष मेघराज वास्तोला, अग्रसेन भवन सेवा समितिका अध्यक्ष सुरेश कुमार अग्रवाल भद्रपुरे लगायत पाँच सयभन्दा बढीको सहभागिता रहेको थियो ।

बिर्तामोडका युवा व्यवसायी वंशलको अगुवाइमा बिर्तामोड ५ स्थित अग्रसेन भवनको समिपमा माता गायत्रीको दिब्य मन्दिर निर्माण भएको छ । २०८० साल जेठ १७ गतेबाट मन्दिर निर्माण प्रारम्भ भएर २०८१ साल माघ २१ गते विधिपूर्वक माताको प्राण प्रतिष्ठा गर्दै मन्दिर सञ्चालनमा आएको थियो ।

गायत्री माता मन्दिर व्यवस्थापन समितिले गायत्री जयन्तीमा विशेष प्रकारको कार्यक्रम आयोजना गर्दै साँझ सन्ध्या आरती गरेको थियो ।

**ताजा फलफूल तथा जुस पाउने एकमात्र ठाउँ**



भद्रपुर-८, बिजुली अफिस अगाडी रहेको फलफूल पसलमा सबै प्रकारका फलफूल (स्याउ, सुन्तला, अनार आदी) पाउनुको साथै बिरामी तथा स्वास्थ्य मानिसको लागि फ्रेस जुस पनि पाईन्छ ।



सम्पर्क

**श्याम फ्रुट्स एण्ड जुस सेन्टर**

भद्रपुर ८, बिजुली अफिस अगाडी

९८२६७२१५२८

**डा. प्रेम ब. शाही, MS, FISS**
वरिष्ठ विशेषज्ञ - हाड, जोर्नी, नशा, मेरूदण्ड रोग /सर्जन
समयः सोमबार देखि विहिबारसम्म, २ बजे देखि

**डा. दिपायन पाण्डे, MD**
वरिष्ठ विशेषज्ञ - छाला, यौन, कपाल, सौन्दर्य, कुष्ठरोग
समयः प्रत्येक विहिबार, स्किन हस्पिटल, दमकबाट

**डा. आलोक झा, MD**
वरिष्ठ विशेषज्ञ - मानसिक, नशा तथा मनोरोग
समयः प्रत्येक महिनाको पहिलो शनिबार, कोशी हस्पिटल, विराटनगरबाट

**डा. केशव कु. मण्डल, MD**
वरिष्ठ विशेषज्ञ - नवजात शिशु तथा बाल रोग विशेषज्ञ
समयः दैनिक सेवा, विहान १० बजे देखि

**डा. धिरज ताम्रकार, MD / डा. आनन्द देव, MD**
वरिष्ठ फिजिसियन /इन्टरनल मेडिसिन
समयः दैनिक सेवा

**डा. विकाश जैशी, MD, DM**
वरिष्ठ विशेषज्ञ - कलेजो (लिभर) पेट, जन्डिस, हेपटाईटिस् रोग तथा कलेजो प्रत्यारोपण फिजिसियन
समयः प्रत्येक महिनाको अन्तिम आईतबार, विर हस्पिटल, काठमाडौंबाट

**डा. अच्युत भक्त आचार्य, MD, DM**
वरिष्ठ विशेषज्ञ - छाति, फोक्सो, दम, श्वासप्रश्वास, एलर्जी, निन्द्रा तथा क्षयरोग/ पल्मोनोलोजिष्ट
समयः प्रत्येक महिनाको अन्तिम शनिबार, नर्भिक हस्पिटल काठमाडौंबाट

**डा. विवेक कट्टेल, MD, FRCI**
वरिष्ठ विशेषज्ञ - बाथरोग, संक्रमण रोग तथा फिजिसियन
समयः प्रत्येक महिनाको दोस्रो शनिबार, न्यूरो हस्पिटल विराटनगरबाट

**डा. निशान भुर्तेल, MD, DM**
वरिष्ठ विशेषज्ञ - मृगौला (किड्नी) रोग तथा मृगौला प्रत्यारोपण फिजिसियन
समयः प्रत्येक महिनाको दोस्रो शुक्रबार, सिभिल हस्पिटल काठमाडौंबाट

स्वास्थ्य सेवामा तपाई सँगै
**जिवनरक्षा बिर्तामोड**
पोलिक्लिनिक एण्ड डायग्नोष्टिक सेन्टर प्रा. लि.
बिर्तामोड-४, भद्रपुररोड, झापा (भद्रपुरबसस्टेण्ड अगाडि)
जानकारी तथा नाम दर्ताका लागि सम्पर्क
023-591566 (Reception), 023-531242 (Pharmacy)
9807923352 / 9817094601
विशेषज्ञ OPD सेवा/प्याथोलोजि ल्याब/भिडियो एक्स-रे/डिजिटल एक्स-रे
ECG/ EEG/NCT/PFT/फार्मेसी
खुल्ने समयः विहान ७ बजे देखि बेलुकी ७ बजे सम्म

**डा. धर्मागत भट्टराई, MD, DM**
वरिष्ठ विशेषज्ञ - बाल रोग, इम्युनोलोजी (रोग प्रतिरक्षा), एलर्जी, बाल बाथजन्यरोग र बाल बोनम्यारो मेडिसिन विज्ञ
समयः प्रत्येक महिनाको अन्तिम शुक्रबार र शनिबार, ॐ हस्पिटल काठमाडौंबाट

**डा. उत्कर्ष कार्की, MD, DM**
वरिष्ठ विशेषज्ञ - बालबालिका किशोरकिशोरी नशा तथा मानसिक रोग /बाल मनोचिकित्सक
समयः प्रत्येक महिनाको दोस्रो शुक्रबार र शनिबार, कान्ति बाल हस्पिटल, काठमाडौबाट

**डा. सन्तोष मिश्र, MD, DM**
वरिष्ठ विशेषज्ञ - बाल नशा मस्तिष्क, मेरुदण्ड, अटिजम, टाउको रोग /बाल न्यूरोलोजिष्ट
समयः प्रत्येक महिनाको पहिलो शुक्रबार र शनिबार, काठमाडौं मेडिकल कलेजबाट

**डा. दिलिप न्यौपाने, MD, DM**
वरिष्ठ विशेषज्ञ - बाल पेट, ग्याष्ट्रिक, आन्द्रा, प्यान्क्रियाज, कुपोषण, तथा कलेजो रोग /बाल ग्याष्ट्रोइन्टेरोलोजिष्ट
समयः प्रत्येक महिनाको पहिलो शुक्रबार र शनिबार, काठमाडौं मेडिकल कलेजबाट

**प्रा. डा. गौरवराज ढकाल, MS, FISS**
वरिष्ठ विशेषज्ञ - मेरुदण्ड (स्पाइन), नशा, ढाँड, गर्धन, कम्मर रोग /स्पाइन सर्जन
समयः प्रत्येक महिनाको दोस्रो शुक्रबार, ॐ हस्पिटल काठमाडौंबाट

**डा. पुरूषोत्तम पराजुली, MS, MCh**
वरिष्ठ विशेषज्ञ - पिसाब, प्रोस्टेट, मुत्रनलि, पत्थरी तथा मुत्र रोग /युरोलोजिष्ट
समयः प्रत्येक महिनाको तेस्रो शनिबार, न्यूरो हस्पिटल, विराटनगरबाट

**डा. अपार पोखरेल, MS, FIPE**
वरिष्ठ विशेषज्ञ - नाक, कान, घाँटी रोग /बाल तथा वयष्क ENT सर्जन
समयः प्रत्येक महिनाको अन्तिम शनिबार, सिभिल हस्पिटल, काठमाडौंबाट

**डा. हरिशंकर प्र. यादव, MD, FIEM**
वरिष्ठ विशेषज्ञ - मधुमेह (सुगर), थाइराईड, हर्मोन रोग
समयः प्रत्येक महिनाको अन्तिम शनिबार, विराटनगरबाट

# वातावरण दिवसमा अरिदमन गणद्वारा बृक्षारोपण



झापा(प्रस) । विश्व वातावरण दिवसको अवसरमा अरिदमन गणले सुरक्षा प्रदान गरिरहेको मेचीनगर नगरपालिका वडा नं. १४ दुवागढीस्थित होल्डिङ सुरक्षा पोष्टको अगाडी बृक्षारोपण गरिएको छ । अरिदमन गणको अगुवाईमा होल्डिङ सुरक्षा पोष्टको अगाडी रहेको खाली जमिनमा विभिन्न प्रजातिका २३० वटा बिरुवा रोपिएको हो । अमला ४० रुद्राक्ष १५, सरिफा २०, टिक १५, निम २५ , बडर २०, जामुन ३०, रातो सिरिस १० , चिउरी २०, मसला १५, कल्की १५ र राजबृक्ष १५ वटा रहेका छन् । मेचीनगर नगरपालिका वडा नं. १४ का वडा अध्यक्ष बाबुलाल सुब्बा तथा स्थानीयवासीहरुको समेत सहभागितामा अरिदमन गणका गणपति प्रमुख सेनानी प्राजु बस्न्यातको नेतृत्वमा खटिएको ११५ जनाको टोलीले सो बृक्षारोपण गरेको थियो ।

# इलाममा भएका दुर्घटनामा चारजना घाइते

झापा(प्रस) । इलाममा भएका सवारी दुर्घटनामा चारजना घाइते भएका छन् । बिहीवार साँझ ५;५५ बजे इलाम रोङ गाउँपालिका ३ कोलबुङ चुचे ढुंगास्थित मेची राजमार्गमा इलामबाट झापातर्फ आउँदै गरेको प्रदेश १-०१-०१३प५२७९ नं.को मोटरसाइकल आफै अनियन्त्रित भई दुर्घटना हुँदा एकै परिवारका ३ जना घाइते भएका छन् । घाइते हुनेहरुमा मोटरसाइकल चालक झापा बुद्धशान्ति ३ बस्ने ३६ वर्षीय उमेश दाहाल , पछाडी सवार उनकी श्रीमती २६ वर्षीया जानुका दाहाल र मोटरसाइकलमा बिचमा सवार उनका छोरा ७ वर्षीय उज्जवल दाहाल रहेका छन् । तीनैजना घाइतेलाई उपचारको लागि बुधबारे महिला सामुदायिक अस्पताल बुधबारेतर्फ ल्याइएको छ ।

त्यस्तै बिहीवार दिउँसो ३:४५ बजे इलाम नगरपालिका १ गैरीगाउँस्थित मेची राजमार्गमा पाँचथरबाट बिर्तामोडतर्फ आउँदै गरेको मे १ ख २४४८ नं. को ट्रक र बिपरित दिशाबाट जाँदै गरेको प्र १-०३-००१ प ५९७६ नं.को मोटरसाइकल एक आपसमा ठक्कर खाई दुर्घटना भएको छ । दुर्घटनामा मोटरसाइकल चालक देउमाई २ चित्रे बस्ने २२ वर्षीय अनिल साङपाङ राई घाइते भएका छन् । जिल्ला अस्पताल इलाममा सामान्य उपचारपश्चात् थप उपचारको लागि बीएण्डसी अस्पताल बिर्तामोड ल्याइएको छ । मोटरसाइकल , ट्रक र ट्रक चालक इलाम नगरपालिका १ साखेजुङ बस्ने २७ वर्षीय मिलन रसाइली प्रहरी चौकी रक्से इलामको नियन्त्रणमा रहेका छन् ।


## श्री बागेडाँगी त्रिदेवी बहुउद्देश्यीय सहकारी संस्था लि.को

## कर्मचारी आवश्यकता सम्बन्धी सूचना

प्रथम पटक प्रकाशित मितिः २०८२/०२/२३

यस श्री बागेडँगी त्रिदेवी बहुउद्देश्यीय सहकारी संस्था लि. अर्जुनधारा न.पा ५ लक्ष्मीपुर झापाको कार्यालयको लागि तपशिल बमोजिमको कर्मचारी आवश्यक परेको हुँदा योग्यता पुगेका इच्छुक नेपाली नागरिकले दरखास्त दिनुहुन यसै सूचनाद्वारा जानकारी गराउँदछौ ।

**तपशिल :**

| **क.सं** | **पद : व्यवस्थापक** | |
|---|---|---|
| १ | **आवश्यक सख्या** | १ (एक) |
| २ | **सेवाको किसिम** | करार |
| ३ | **शैक्षिक योग्यता** | स्नातक तह वा सो सरह उत्तीर्ण, कम्प्युटर सम्बन्धी दक्ष ज्ञान भएको, मोटरसाइकल वा स्कुटर चलाउन जान्ने |
| ४ | **आवेदकको उमेर** | २५ वर्ष पूरा भई ४५ वर्ष ननाघेको |
| ५ | **परीक्षाको किसिम** | लिखित, मौखिक र प्रयोगात्मक |
| ६ | **दरखास्त शुल्क** | रु १००० |
| ७ | **दरखास्त दिने अन्तिम मिति** | २०८२।०२।२३ गतेदेखि २८ गते दिउँसो २ बजेसम्म |
| ८ | **तलब तथा अन्य सुविधा** | संस्थाको नियमानुसार हुनेछ । |
| ९ | **परीक्षा हुने मिति** | सम्पर्क गरिनेछ । |
| १० | **दरखास्तका साथ पेस गर्नुपर्ने कागजातहरु** | नागरिकताको फोटोकपि, हालसालै खिचेको पासपोर्ट साइजको फोटो, शैक्षिक योग्यताको फोटोकपि, वायोडाटा, हस्तलिखित निवेदन, अनुभवको प्रमाणपत्र, कम्प्युटर सम्बन्धी तालिमको प्रमाणपत्र |

**पदपूर्ति समिति**

**श्री बागेडाँगी त्रिदेवी बहुउद्देश्यीय सहकारी संस्था लि.**

**अर्जुनधारा न.पा ५, लक्ष्मीपुर । फोन नं. ०२३५०३०४८**



## गरामनी कृषि सहकारी संस्था लि.

**बिर्तामोड-३ झापा, कोशी प्रदेश**

## कर्जा बुझाउने सम्बन्धी ३५ दिने सार्वजनिक सूचना

प्रथम पटक प्रकाशित मिति-२०८२/२/२३

यस सहकारी संस्थाबाट तपशिलमा उल्लेखित ऋणीले लिएको कर्जाको साँवा व्याजको नियमित मासिक किस्ता बिगत लामो समयदेखि नबुझाएको र ऋण रकम बुझाउने अन्तिम भाका समेत नाघिसकेको र पटक पटक लिखित एवम् मौखिक तागेता गर्दा समेत अटेर गरी हालसम्म आफूले तिर्न बुझाउनु पर्ने सम्पूर्ण साँवा ब्याज फरफारक नगरेको हुँदा यो सार्वजनिक सूचना प्रकाशित गरिएको छ। अतः यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्रमा आफूले बुझाउन बाँकी सम्पूर्ण साँवा र व्याज रकम संस्थामा आइ बुझाउनु हुन सूचित गरिन्छ । अन्यथा सहकारी ऐन, नियमावली कर्जा सम्बन्धी सम्झौता शर्त, लिखित तथा प्रचलित नेपाल सरकारको कानून बमोजिम तपशिलको धितोबाट कर्जा असूल उपर गरिने व्यहोरा तपशिलका ऋणी वा सम्बन्धित सबैलाई यसै सूचनाद्वारा सूचित गरिन्छ ।

| **ऋणीको विवरण** | **धितोको विवरण** |
|---|---|
| **ऋणीको नामः** बिनोद गिरी<br>**बाबुको नामः** कमलप्रसाद गिरी<br>**बाजेको नामः** लक्ष्मण गिरी<br>**ठेगानाः** अस्थायी-विर्तामोड-३ झापा<br>**स्थायीः** बुद्धशान्ति-१ झापा<br>**ना.प्र.नं.:** ०४१००८/१९९९<br>**जारी मितिः** २०६५/६/२६ झापा | **जग्गाधनीको नामः** कमलप्रसाद गिरी<br>**बाबुको नामः** लक्ष्मण गिरी<br>**बाजेको नामः** भिमप्रसाद गिरी<br>**ठेगानाः** राजगढ- १,झापा<br>**सिट नं** : १७९०७५५/१७९०७५६<br>**कि.नं** : ११५१,१३२०<br>**क्षेत्रफलः** १०८०,२३१५ वर्गमिटर |

**श्री गरामनी कृषि सहकारी संस्था लि.**

**बिर्तामोड-३ झापा**


## बिर्तामोडमा....

गहनाहरुः- चोकर थान-१, लकेट थान-७ गरी २९ लाख बराबरको धनमाल चोरी भएको थियो । चोरीपछि इलाका प्रहरी कार्यालय बिर्तामोडले घटनाको अनुसन्धान थालेको थियो । त्यसक्रममा आशंकित बिर्तामोड वडा न. ७ वस्ने २७ वर्षीय दिपेश खवासलाई नियन्त्रमा लिई सोधपुछ गर्दा उनले कार्कीको घरको ढोलाको ताल्चा समेत फुटाई सुनको गहना चोरी गरेको स्वीकार गर्दै सो गहना बिर्तामोड वडा न. ४ वस्ने ३५ वर्षीय पवन चौधरीलाई बिक्री गरेको बताएका थिए । त्यसपछि पवन चौधरीलाई नियन्त्रणमा लिई प्रारम्भिक सोधपुछ गर्दा उनले दिपेश खवाससंग खरिद गरेको गहना मेचीनगर नगरपालिका वडा न. १० धुलावारी बस्ने ३३ वर्षीय आशिष श्रापलाई बिक्री गरेको खुलेको थियो । आशिष श्रापले संचालन गर्दै आइरहेको जय ज्वेलर्समा चोरी भएको गहनामध्ये १ तोला २३ लाल र ८ प्वाईन्ट सुन फेला परेको इलाका प्रहरी कार्यालय बिर्तामोडका डीएसपी विजय श्रेष्ठले जानकारी दिएका छन् । पक्राउ परेका तीनैजनामाथि थप अनुसन्धान भइरहेको छ । चोरीका अन्य घटनाका बारेमा पनि खोजी भइरहेको डीएसपी श्रेष्ठले जानकारी दिएका छन् ।


## तपसिलमा उल्लेखित ऋणीको धितो रहेको अचल सम्पत्ति लिलाम बिक्री गर्ने (पैंतिस) ३५ दिने गोप्य शिलबन्दी बोलपत्र आह्वान गरिएको सूचना

प्रकाशित मितिः २०८२/०२/२३

यस बैंकको तपसिलमा उल्लेखित ऋणी/व्यक्तिगत जमानीकर्ताहरुले म्यादभित्र कर्जा चुक्ता/भुक्तान नगरी/नगराई लिखित तथा मौखिक तरताकेता र पत्रपत्रिकाद्धारा कर्जा चुक्ता गर्न आउने सार्वजनिक सूचना प्रकाशित गर्दा समेत कर्जा चुक्ता/भुक्तान गर्ने/गराउनेतर्फ कुनै चासो नदेखाउनु भएकोले धितो सुरक्षण स्वरुप लेखि/लेखाई दिएको तपसिल बमोजिमको धितो गोप्य शिलबन्दी बोलपत्रका माध्यमवाट लिलाम बिक्री गरी बैंकले आफ्नो लेना रकम असुल उपर गर्न यो ३५ दिने सूचना प्रकाशित गरिएको छ । यस बैंकमा धितो रहेको सम्पत्ति सकार गरिलिन इच्छुक महानुभावहरुबाट यो सूचना पत्रिकामा प्रकाशित भएको मितिले **३५औं** दिनभित्र यस बैंकमा कार्यालय समयभित्र आइपुग्ने गरी निम्न शर्तहरुको अधिनमा रही गोप्य शिलबन्दी बोलपत्र पेश गर्नुहुन आह्वान गरिन्छ । प्राप्त बोलपत्रहरु यो सूचना प्रकाशित भएको **३६औं** दिन वा सो दिन विदा परेमा त्यसको लगत्तै कार्यालय खुलेको दिनमा दिनको ३:०० बजे **केन्द्रीय कार्यालय, कर्जा असुली विभाग विर्तामोड**मा खोलिने हुँदा बोलपत्रदाता वा निजको आधिकारिक प्रतिनिधि उपस्थित हुन समेत जानकारी गराईन्छ । तर बोलपत्रदाताको अनुपस्थितिले बोलपत्र खोल्न बाधा पुग्ने छैन । कथम्कदाचित सो धितोबाट असुलउपर हुन नसके ऋणी एवम् ब्यक्तिगत जमानतकर्ताहरु समेतलाई कालोसूचीमा समावेश गरी असुल उपर हुन बाँकी रहेको रकम ऋणी तथा कर्जा लिँदाका बखत ब्यक्तिगत जमानी दिने ब्यक्तिगत जमानतकर्ताहरुको नाममा रहेको वा निजहरुको हक भोगको अन्य चल अचल सम्पत्तिबाट समेत बैंक तथा बित्तीय संस्था सम्बन्धी ऐन तथा अन्य प्रचलित कानुन बमोजिम असुल उपर गरिने छ । साथै धितो सम्पत्ति लिलाम बिक्री हुन नसकेमा धितो सम्पत्ति बैंकले आफनो अनुकुलतामा आफैंले सकार गरी लिन सक्ने ब्यहोरा समेत जानकारी गराइएको छ ।

**तपसिल**

**शाखा कार्यालय : सुरुङ्गा**

| **कर्जा शिर्षकः- व्यवसायिक आवधिक कर्जा, व्यवसायिक चालुपुँजी कर्जा, सवारीसाधन कर्जा, व्यक्तिगत आवद्धिक कर्जा, आवास कर्जा र डिमाण्ड कर्जा ।** | |
|---|---|
| **ऋणी धितो र व्यक्तिगत जमानतकर्ताको नाम थर तथा तीन पुस्ते विवरण** | |
| **धितो सुरक्षणको विवरण :**<br>१. **वीष्णु कुमारी उप्रेती**को नाममा भूमिसुधार तथा मालपोत कार्यालय भद्रपुरमा दर्ता कायम रहेको झापा जिल्ला, सुरुङ्गा गा.वि.स. वडा नं. ५, स्थित कि.नं. ६५०६ को क्षेत्रफल ०-३-३.२५ बि.क.धु. जग्गा, उक्त जग्गामा निर्मित पक्की घर र उक्त घरजग्गाले चर्चेको सम्पुर्ण लिगलिगापात समेत ।<br>२. **वीष्णु कुमारी उप्रेती** र **हरि प्रसाद फुयल** को संयुक्त नाममा भुमिसुधार तथा मालपोत कार्यालय भद्रपुरमा दर्ता कायम रहेको झापा जिल्ला सुरुङ्गा गा.वि.स. वडा नं. ५ स्थित कि.नं. ६३८४ को क्षेत्रफल ०-४-० बि.क.धु. जग्गा, उक्त जग्गामा निर्मित पक्की घर र उक्त घरजग्गाले चर्चेको सम्पुर्ण लिगलिगापात समेत । | |
| **ऋणी :**<br>१. कम्पनी ऐन २०५३ बमोजिम नेपाल सरकार उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालय काठमाडौंमा मिति २०५९/०३/२८ मा दर्ता नम्बर १९२०६/०५८/०५९ अन्तर्गत रजिष्टर्ड भएको रजिष्टर्ड ठेगाना झापा जिल्ला, साविक सुरुङ्गा गा.वि.स., वडा नं. ५ भई हाल कन्काई न.पा., वडा नं. ३ मा स्थित **देवकोटा एजुकेशन फाउण्डेशन प्रा.लि.**।<br><br>२. रंग नाथ उप्रेतीकी छोरी, पुण्य प्रसाद संग्रौलाकी पत्नी नागरिकता बमोजिम झापा जिल्ला गौरादह गाउँ पञ्चायत वडा नं ६ स्थायी ठेगाना भई हाल झापा जिल्ला कन्काई न.पा., वडा नं ३ बस्ने मिति २०४४/१२/३० मा जिल्ला प्रशासन कार्यालय झापाबाट जारी गरिएको ना.प्र.नं. ४२३१४३१२ भएकी बर्ष ५४ की **वीष्णु कुमारी उप्रेती** ।<br><br>३. तुलसी प्रसाद फुयलको नाती, थिर प्रसाद फुयलको छोरा नागरिकता बमोजिम झापा जिल्ला, सुरुङ्गा गा.वि.स., वडा नं. ६ स्थायी ठेगाना भई हाल कनकाई न.पा., वडा नं. ३ बस्ने मिति २०५५/११/२१ मा जिल्ला प्रशासन कार्यालय झापाबाट जारी गरिएको ना.प्र.नं. ९१५२२४४० भएको बर्ष ४४ को **हरि प्रसाद फुयल** । | |
| **व्यक्तिगत जमानतकर्ता/धितोजमानीकर्ता :**<br>नाम : वीष्णु कुमारी उप्रेती<br>बाबू : रंग नाथ उप्रेती<br>पति : पुन्य प्रसाद संग्रैला<br>ना.प्र.नं : ४२३१४३१२ (जारी मिति २०४४/१२/३०, झापा )<br>ठेगाना : झापा जिल्ला, गौरादह गाउँ पञ्चायत, वडा नं ६ स्थायी ठेगाना भई हाल झापा जिल्ला, कन्काई न.पा., वडा नं ३ बस्ने । | **व्यक्तिगत जमानतकर्ता :**<br>नाम : तुलसा पौडेल<br>बाबू : गणेश कुमार पौडेल<br>पति : सौरभ संग्रौला<br>ना.प्र.नं : ०४-०१-७४-०७२३७ ( जारी मिति २०७४/०५/१२, झापा)<br>ठेगाना : झापा जिल्ला, झापा गा.पा., वडा नं ६ स्थायी ठेगाना भई हाल झापा जिल्ला, कन्काई न.पा., वडा नं. ३ बस्ने । |
| **व्यक्तिगत जमानतकर्ता/धितोजमानीकर्ता :**<br>नाम : हरि प्रसाद फुयल<br>बाबू : थिर प्रसाद फुयल<br>बाजे : तुलसी प्रसाद फुयल<br>ना.प्र.नं : ९१५२२४४० (जारी मिति २०५५/११/२१, झापा)<br>ठेगाना : झापा जिल्ला, सुरुङ्गा गा.वि.स., वडा न ६ स्थायी ठेगाना भई हाल कन्काई न.पा, वडा नं ३ बस्ने । | **व्यक्तिगत जमानतकर्ता :**<br>नाम : सौरभ संग्रौला<br>बाबू : पुन्य प्रसाद संग्रौला<br>बाजे : गोपी लाल संग्रौला<br>ना.प्र.नं : ०४-०१-७१-०३१७४ ( जारी मिति २०७१/०३/०८, झापा)<br>ठेगानाः झापा जिल्ला, कन्काई न.पा., वडा नं ४ स्थायी ठेगाना भई हाल झापा जिल्ला, कन्काई न.पा., वडा नं. ३ बस्ने । |
| **व्यक्तिगत जमानतकर्ता :**<br>नाम : सिता खरेल<br>बाबू : कृष्ण प्रसाद खरेल<br>पति : हरि प्रसाद फुयल<br>ना.प्र.नं : ७६१५१७७१० ( जारी मिति २०६१/११/२६, झापा)<br>ठेगाना : झापा जिल्ला, कन्काई न.पा., वडा नं ५ स्थायी ठेगाना भई हाल झापा जिल्ला, कन्काई न.पा., वडा नं. ३ बस्ने । | |

**शर्तहरुः-**

१. बोलपत्र फारम यस बैंकको कुनै पनि शाखा कार्यालयवाट रु.१०००।- (अक्षरेपी एक हजार मात्र) (पछि फिर्ता नहुने गरी) तिरी खरीद गर्न सकिनेछ । फोटोकपी गरिएको फारम मान्य हुने छैन ।
२. बोलपत्रदाताले लिलामी सूचनाको आधारमा ऋणीको नाम र लिन चाहेको सम्पत्तिको विवरण बोलपत्र फारममा स्पष्ट रुपमा भर्नुपर्नेछ , साथै लिन चाहेको सो सम्पत्तिको मुल्य अंक र अक्षरमा समेत भर्नु पर्नेछ ।
३. बोलपत्रको खाम वाहिर समेत ऋणीको नाम र लिन चाहेको सम्पत्तिको विवरण उल्लेख गर्नु पर्नेछ ।
४. यदि व्यक्तिले खरिद गर्ने भए नेपाली नागरिकताको तथा कम्पनीले खरिद गर्ने भए दर्ता प्रमाण-पत्रको प्रतिलिपी पेश गर्नु पर्नेछ ।
५. बोलपत्र साथ आफुले कबोल गरेको अंकको कम्तीमा दश प्रतिशत(१०%)ले हुने रकम यस बैंकको केन्द्रीय कार्यालयको खाता नम्वर 9266011520002 SUNDRY CREDITORS (OTHERS) मा जम्मा गरेको भौचरको सक्कल अर्धकट्टी रसिद वा बोलपत्र दाखिला गरिने बैंकको नाममा खिचिएको ड्राफ्ट वा बैंक जमानत वा यस बैकमा खोलिएको मुद्दती रसिद वा नेपाल राष्ट्र बैंकवाट जारी भएको सुरक्षणपत्र वा गुड फर पेमेन्ट चेक (Good for Payment Cheque) अनिवार्य रुपमा पेश गर्नु पर्नेछ ।
६. लिलाम बिक्री हुने धितो सुरक्षण निरीक्षण गर्न चाहेमा बोलपत्र पेश गर्नु अगावै कार्यालय समय भित्र सम्बन्धित शाखा कार्यालयमा सम्पर्क राखी जे जस्तो अवस्थामा छ सोही अवस्थामा निरीक्षण गर्न सकिनेछ । साथै सोही अवस्था र परिमाणमा स्वीकार गर्नु पर्नेछ ।
७. बोलपत्र स्वीकृत भएको सुचना पाएको मितिले ३० दिनभित्र बोलकबोल गरेको सम्पूर्ण रकम बुझाई सम्पत्ति आफनो नाउंमा नामसारी गरी लिनु पर्नेछ । सो म्याद भित्र रकम नबुझाएमा धरौटी रकम स्वतः जफत हुनेछ ।
८. बोलपत्र दाखिल भइसकेपछि बोलपत्रमा उल्लेखित रकम वा शर्तमा कुनै हेरफेर हुने छैन । साथै बोलपत्र स्वीकृत वा अस्वीकृत हुने टुंगो नलागेसम्म धरौटी रकम फिर्ता दिइने छैन ।
९. रित नपुगेको वा म्याद नाघी पेश हुन आएको बोलपत्र स्वतः रद्द हुनेछ ।
१०. बोलपत्र स्वीकृत वा अस्वीकृत गर्ने सम्पूर्ण अधिकार बैंकमा नै सुरक्षित रहनेछ ।
११. बोलपत्र सदर वा बदर हुनु अगावै ऋणीले सम्पूर्ण कर्जा बुझाएमा प्राप्त बोलपत्रहरु रद्द गरी धरौटी फिर्ता दिन सकिनेछ ।

**एक्सेल डेभलपमेन्ट बैंक लि.**
**Excel Development Bank Ltd.** तपाईंको स्थानीय साझेदार (Your Local Partner)
नेपाल राष्ट्र बैंकबाट 'ख' वर्गको इजाजतपत्र प्राप्त संस्था ( कोशी प्रदेश कार्यक्षेत्र भएको )
Birtamode, Jhapa
023-533564 | 534010
info@edb.com.np
www.edb.com.np

**कर्जा असुली विभाग**

## सम्पादकीय

# मानसिक समस्या

विश्व स्वास्थ्य संगठन अनुसार स्वस्थ मानिस भन्नाले कुनै पनि रोग लाग्नु वा अशक्त नहुनु मात्र नभई पूर्णरुपमा शारीरिक, मानसिक, आध्यात्मिक र सामाजिक स्वस्थताको गतिशील अवस्था हो ।

मानसिक स्वास्थ्य भन्नाले कुनै पनि व्यक्तिले आफ्नो क्षमतालाई पहिचान गर्न सक्ने, जीवनका सामान्य तनावलाई व्यवस्थापन गर्न सक्ने, उत्पादनशील ढंगले काम गरी आफ्नो समुदायमा योगदान दिन सक्षम रहने अवस्था भन्ने बुझिन्छ ।

मानसिक स्वास्थ्यमा समस्या भन्नाले मानिसको भावना, संवेग, विचार र व्यवहारमा आएको परिवर्तनले व्यक्ति आफू वा सम्बन्धित व्यक्ति वा दुवैलाई प्रभावित गर्दै व्यक्तिको सामाजिक तथा व्यावसायिक र पेशागत क्षेत्रमा नकारात्मक असर पर्ने अवस्था भन्ने बुझिन्छ ।

राष्ट्रिय मानसिक स्वास्थ्य सर्वेक्षण–२०२० अनुसार नेपालमा १० प्रतिशत वयस्कमा आफ्नो जीवनकालको कुनै न कुनै समयमा र ४.३ प्रतिशत वयस्कमा हालको अवस्थामा मानसिक समस्या रहेको पाइएको छ । २.३ प्रतिशत वयस्कमा र ०.६ प्रतिशत किशोरकिशोरिमा उदासीनताको समस्या देखिएको छ ।

६.५ प्रतिशत वयस्कमा र ३.९ प्रतिशत किशोरकिशोरीमा हालको अवस्थामा आत्महत्याको सोच आउने गरेको पाइएको छ । एक प्रतिशत वयस्त र ०.७ प्रतिशत किशोरकिशोरीले आफ्नो जीवनकालमा आत्महत्याको प्रयास गरेको पाइएको छ ।

तपाईंको भावना कुनै विश्वासपात्र साथी, परिवार सदस्य वा परामर्शदातासँग बाँड्नुहोस् । यस्तै मानसिक स्वास्थ्य सम्बन्धी विशेषज्ञ जस्तै मनोरोग विशेषज्ञ वा मनोवैज्ञानिकसँग कुरा गर्नुहोस् ।

यदि तुरुन्त सहयोग आवश्यक छ भने मानसिक स्वास्थ्य हेल्पलाइन वा संकट हेल्पलाइनमा सम्पर्क गर्नुहोस् । यी सेवा चौबीसै घण्टा उपलब्ध छन् । मानौं, आत्महत्या वा आत्महानिको सोच आएमा कुराकानी गर्न ११६६ मा फोन गर्न सकिन्छ ।पर्याप्त नि□ा, स्वस्थ र सन्तुलित खानपान, नियमित व्यायाम, ध्यान, योगले तनाव व्यवस्थापनमा मद्दत पुऱ्याउँछ । मादक पदार्थ, लागूऔषध वा अन्य कुनै हानिकारक पदार्थहरूको प्रयोग नगर्नुहोस्, जसले मानसिक स्वास्थ्यलाई थप बिगार्न सक्छ ।

यदि कुनै व्यक्ति तुरुन्तै खतरामा छन् आपतकालीन सेवाहरूलाई कल गर्नुहोस् । आधिकारिक निकायको मद्दत आउने बेलासम्म व्यक्तिलाई एक्लै नराख्नुहोस् ।

संकटपछि, निरन्तर सहयोग दिनुहोस् वा खोज्नुहोस् र दीर्घकालीन उपचार गर्नुहोस् । मानसिक स्वास्थ्यलाई गम्भीरताका साथ लिनुहोस् र चाँडो सहयोग खोज्नुस् । यसले पुनर्स्थापनामा महत्वपूर्ण फरक पार्न सक्छ ।

# अमूल्य निधिको जगेर्ना



• दीपा बस्नेत

नेपाल विश्वमै जलवायु परिवर्तनको उच्च जोखिममा छ । नेपाल यसबाट सबैभन्दा बढी प्रभावित हुने देशमध्येमा पर्छ । नेपालमा विगत केही दशकदेखि औसत वार्षिक तापक्रम निरन्तर बढिरहेको छ । राष्ट्रिय योजना आयोगले सन् २०१९ मा प्रकाशित गरेको एक प्रतिवेदन अनुसार, सन् १९७१ देखि २०१४ सम्मको अवधिमा नेपालको वार्षिक औसत तापक्रम प्रतिवर्ष ०.०५६ डिग्री सेल्सियसले बढेको थियो । यो वृद्धि हिमाली र उच्च पहाडी क्षेत्रमा अझ तीव्र गतिमा भइरहेको छ । तापक्रम वृद्धिका कारण हिमाली क्षेत्रमा हिउँ र हिमनदी पग्लने प्रक्रिया तीव्र बनेको छ, जसले नदीहरूको बहावमा असन्तुलन ल्याएको छ, कहिले तल्लो तटीय क्षेत्रमा बाढी त कहिले खडेरीको जोखिम बढाएको छ । यसले पानीको स्रोत र कृषि प्रणालीमा प्रत्यक्ष असर पारेको छ ।

वर्षाको अनियमितता र चरम मौसमी घटना र मनसुनको ढाँचामा आएको परिवर्तनका कारण नेपालमा वर्षाको अनियमितता बढेको छ । कतै लामो समयसम्म खडेरी लाग्दा बालीनाली सुक्ने समस्या छ भने कतै केही घण्टाकै अत्यधिक वर्षाले बाढी, भू क्षय र पहिरोको जोखिम बढाएको छ । जल तथा मौसम विज्ञान विभागको तथ्याङ्क अनुसार, पछिल्ला वर्षमा बेमौसमी वर्षा र वर्षाको अनिश्चितता बढेको छ, जसले कृषि उत्पादनमा प्रत्यक्ष असर पारेको छ र खाद्य सुरक्षामा चुनौती थपेको छ । हिमनदी पग्लिएर बनेका तालहरूको आकार बढ्दै जाँदा जोखिम उच्च भएको छ ।

अन्तर्राष्ट्रिय एकीकृत पर्वतीय विकास केन्द्रको अध्ययन अनुसार, नेपालमा हाल करिब २५०० भन्दा बढी हिमनदीका ताल छन्, जसमध्ये २० भन्दा बढी उच्च जोखिममा रहेका छन् । यी ताल फुटेमा तल्लो भेगमा ठुलो मात्रामा धनजनको क्षति हुन सक्छ । जलवायु परिवर्तनले विभिन्न प्रजातिका वनस्पति र वन्यजन्तुको बासस्थानमा नकारात्मक असर पारेको छ । तापक्रम र मौसममा आएको परिवर्तनका कारण धेरै प्रजाति आफ्नो अनुकूलन क्षमताभन्दा बाहिर जाने र लोप हुने जोखिममा छन् । यसले समग्र पारिस्थितिक प्रणालीमा असन्तुलन ल्याउँछ ।

नेपालका सहरी क्षेत्रमा, विशेषगरी काठमाडौं उपत्यकामा, वायु प्रदूषण एउटा राष्ट्रिय जनस्वास्थ्य समस्याको रूपमा देखा परेको छ । वर्ष २०८१ को चैत महिनामा काठमाडौंलाई विश्वकै सबैभन्दा प्रदूषित सहरमध्ये एकका रूपमा लिइएको थियो । सवारीसाधनबाट निस्कने धुँवा (जसमध्ये पुराना र मर्मत नगरिएका सवारीसाधनको भूमिका बढी छ) औद्योगिक उत्सर्जन (विशेषगरी इँटा भट्टा र सिमेन्ट उद्योग), खुला रूपमा फोहोर जलाउने कार्य र निर्माण कार्यबाट उड्ने धुलो यसका प्रमुख स्रोत हुन् । वायु प्रदूषणका कारण श्वासप्रश्वाससम्बन्धी रोग (जस्तैः दम, ब्रोन्काइटिस, क्रोनिक अब्स्ट्रक्टिभ पल्मोनरी डिजिज), मुटुसम्बन्धी रोगहरू (हृदयाघात, स्ट्रोक), छालाको एलर्जी र आँखाको जलन जस्ता स्वास्थ्य समस्या बढेका छन् । बालबालिका, वृद्धवृद्धा, र गर्भवती महिला यसबाट बढी प्रभावित छन् । वायु प्रदूषणले औसत आयु ४/५ वर्षसम्म घटाउन सक्ने विभिन्न अध्ययनले देखाएका छन् । जाडो याममा भारतका उत्तरी क्षेत्रमा हुने प्रदूषण पनि नेपालमा प्रवेश गर्ने भएकाले तराई र पहाडी क्षेत्रमा समेत वायुको गुणस्तर बिग्रने गरेको छ । डढेलो पनि वायु प्रदूषणको अर्को प्रमुख कारण हो । नदी, ताल र भूमिगत पानीका स्रोतहरू प्रदूषणको चपेटामा परेका छन्, जसले पानीको गुणस्तरमा ठुलो ह्रास ल्याएको छ ।

### नदीनाला संरक्षण

काठमाडौं उपत्यकाका बागमती, विष्णुमती, धोबीखोला जस्ता ऐतिहासिक र सांस्कृतिक महत्व बोकेका नदी ढलमा परिणत भएका छन् । यी नदीहरूको पानीमा कोलिफर्म, ब्याक्टेरिया, भारी धात र अन्य हानिकारक रसायनको मात्रा अत्यधिक छ । वातावरण मन्त्रालयको एक अध्ययनले बागमती नदीको पानी पिउनयोग्य नभई नुहाउनसमेत योग्य नरहेको देखाएको छ । अव्यवस्थित सहरीकरण, औद्योगिक फोहोर र ढलको पानी सिधै नदीमा मिसाउने प्रवृत्ति यसका प्रमुख कारण हुन् । सहरी क्षेत्रमा भूमिगत पानीको अत्यधिक दोहन र ढल तथा फोहोरबाट हुने चुहावटका कारण यसको गुणस्तर खस्किएको छ । धेरै ठाउँमा आर्सेनिक र फलाम जस्ता हानिकारक त□व पाइएका छन् । वाश म्याटर्सको रिपोर्ट अनुसार, तराईका केही क्षेत्रहरूमा आर्सेनिकको मात्रा पिउनयोग्य सीमाभन्दा बढी पाइएको छ । कृषिमा प्रयोग हुने रासायनिक मल र कीटनाशकको अत्यधिक प्रयोगले पनि पानीका स्रोतलाई प्रदूषित गरेको छ । वर्षासँगै यी रसायन खोला र भूमिगत पानीमा पुग्दा जलस्रोतको गुणस्तरमा नकारात्मक असर परेको छ । प्रदूषित पानीको सेवनले झाडापखाला, हैजा, टाइफाइड, हेपाटाइटिस र छालासम्बन्धी रोग जस्ता जलजन्य रोग फैलने सम्भावना बढेको छ ।

अव्यवस्थित सहरीकरण, पूर्वाधार विकास (सडक, जलविद्युत् आयोजना), कृषि भूमिको विस्तार, दाउराको अत्यधिक प्रयोग, र डढेलोका कारण वन फँडानी तीव्र गतिमा भइरहेको छ । ग्लोबल फरेस्ट वाचको तथ्याङ्क अनुसार, नेपालमा सन् २००१ देखि २०२४ सम्मको अवधिमा ५८.३ हजार हेक्टर वृक्ष आवरण गुमेको छ, जुन सन् २००० यताको कुल वृक्ष आवरणको १.१ प्रतिशत हो । सन् २०२० मा नेपालको कुल भूभागको करिब ४३ प्रतिशत प्राकृतिक वनले ओगटेको थियो तर यो निरन्तर घट्दो क्रममा छ । वन फडानीले वन्यजन्तुको वासस्थानमा क्षति पुऱ्याएको छ र धेरै प्रजाति लोप हुने जोखिममा छन् । सुक्खा मौसममा लाग्ने डढेलोले ठुलो मात्रामा वन क्षेत्र नष्ट गर्छ र वायु प्रदूषणमा समेत योगदान पुऱ्याउँछ । सन् २००० देखि २०२४ सम्ममा, नेपालमा आगलागीका कारण ७.४८ हजार हेक्टर वृक्ष आवरण गुमेको छ ।

सहरी क्षेत्रमा ठोस फोहोरको उचित व्यवस्थापन नहुँदा यसले वातावरणीय प्रदूषण बढाएको छ । फोहोरमैला जतातत्तै फाल्ने, जलाउने र नदी किनारमा थुपार्ने प्रवृत्तिले वायु, जल र माटो प्रदूषण बढाएको छ । प्लास्टिकको अत्यधिक प्रयोग र अव्यवस्थित व्यवस्थापनका कारण प्लास्टिक प्रदूषण नेपालका लागि अर्को ठुलो समस्या बनेको छ । विश्व बैङ्कको तथ्याङ्क अनुसार, नेपालमा हरेक वर्ष २० हजार मेट्रिक टन प्लास्टिक वातावरणमा चुहिन्छ । प्लास्टिकका कारण माटोको गुणस्तरमा ह्रास आएको छ, पानीका स्रोतहरू प्रदूषित भएका छन् र वन्यजन्तुको जीवनमा समेत नकारात्मक असर परेको छ । नेपालको पहाडी भूभाग भौगोलिक रूपमा कमजोर छ र वन फडानी, अव्यवस्थित सडक निर्माण र जलवायु परिवर्तनका कारण भूक्षय र भूस्खलनको समस्या बढेको छ । हरेक वर्ष मनसुनको समयमा ठुलो संख्यामा पहिरो जाने र यसबाट ठुलो मात्रामा जनधनको क्षति हुने गरेको छ । राष्ट्रिय विपत् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणको तथ्याङ्क अनुसार, नेपालमा हरेक वर्ष पहिरोका कारण सयौं मानिसको ज्यान जाने र अर्बौंको सम्पत्ति नष्ट हुने गरेको छ ।

### स्थानीय सरकारको प्रभावकारिता

प्राकृतिक स्रोत केन्द्रको एक प्रतिवेदनले स्थानीय सरकारको भूमिकालाई अझ सक्रिय बनाउनुपर्नेमा जोड दिएको छ । जलविद्युत्, सौर्य ऊर्जा, वायु ऊर्जा, र जैविक ऊर्जा जस्ता नवीकरणीय ऊर्जा स्रोतको विकास र प्रयोगलाई प्राथमिकता दिनु पर्छ । यसले जीवाश्म इन्धनमाथिको निर्भरता घटाएर कार्बन उत्सर्जन कम गर्न मद्दत गर्छ । वृक्षारोपण कार्यक्रमलाई तीव्रता दिनु पर्छ र वन विनाश रोक्नका लागि कडा कानुन लागु गर्नु पर्छ । जलवायु परिवर्तनको असरलाई मध्यनजर गर्दै बालीको जात परिवर्तन (खडेरी वा बाढी प्रतिरोधी बाली), पानी बचत गर्ने सिँचाइ विधि (थोपा सिँचाइ, स्प्रिङ्कलर) र मौसम पूर्वानुमानमा आधारित खेती प्रणालीको विकास र विस्तार गर्नु पर्छ ।

सार्वजनिक यातायातको सुधार गरी निजी सवारीसाधनको प्रयोग घटाउनका लागि सार्वजनिक यातायात प्रणालीलाई सुदृढ, व्यवस्थित र वातावरणमैत्री (विद्युतीय बस) बनाउनु पर्छ । उद्योग र इँटा भट्टाहरूमा प्रदूषण नियन्त्रण प्रविधि (जस्तैः चिम्नी फिल्टर, अत्याधुनिक भट्टी प्रविधि) अनिवार्य गर्नु पर्छ र नियमित अनुगमन गर्नु पर्छ । फोहोर खुला रूपमा जलाउने कार्यलाई पूर्ण रूपमा निषेध गरी दण्डित गर्नु पर्छ । यसका लागि जनचेतना र वैकल्पिक फोहोर व्यवस्थापन प्रणाली आवश्यक छ । निर्माण स्थलमा धुलो नियन्त्रणका उपायहरू (जस्तैः पानी छर्कने, जाली लगाउने, निर्माण सामग्री छोपेर राख्ने) अवलम्बन गरौँ । अव्यवस्थित ढल निकासको व्यवस्थापन गरी सहरी क्षेत्रमा ढल निकास प्रणालीलाई आधुनिकीकरण गरी प्रशोधन प्लान्ट स्थापना गर्नु पर्छ । प्रशोधन नगरी ढलको पानी सिधै नदीमा मिसाउनु गैरकानुनी बनाइनु पर्छ । उद्योगहरूबाट निस्कने फोहोर प्रशोधन नगरी नदीमा फाल्न रोक लगाउन आवश्यक छ । औद्योगिक फोहोर व्यवस्थापनका लागि कडा मापदण्ड लागु गर्नु पर्छ । किसानलाई जैविक मल र कीटनाशकको प्रयोग गर्न प्रोत्साहन गर्नु पर्छ । रासायनिक मल र कीटनाशकको सुरक्षित प्रयोग र यसका नकारात्मक असरबारे तालिम तथा सचेतना कार्यक्रम सञ्चालन गर्नु पर्छ । खोला, ताल, पोखरी र भूमिगत जल स्रोतहरूलाई संरक्षण गर्न र नियमित रूपमा पानीको गुणस्तर जाँच गर्नु पर्छ । भूक्षय नियन्त्रणका उपायः वृक्षारोपण, सिँढी खेती, घाँसे मैदानको संरक्षण र बायो-इन्जिनियरिङ प्रविधिको प्रयोग गरी भूक्षय र भूस्खलन नियन्त्रण गर्नु पर्छ ।

नेपाल सरकारले वातावरणीय संरक्षण र जलवायु परिवर्तनका मुद्दालाई सम्बोधन गर्न विभिन्न नीति, कानुन र कार्यक्रम अघि सारेको छ । वातावरण संरक्षण ऐन, २०७६ र वातावरण संरक्षण नियमावली, २०७७ ले वातावरणीय प्रभाव मूल्याङ्कन र प्रारम्भिक वातावरणीय परीक्षणलाई अनिवार्य गरी विकास परियोजनाको वातावरणीय दिगोपन सुनिश्चित गर्ने प्रयास गरेको छ । सामुदायिक वन कार्यक्रम नेपालमा वन क्षेत्रको संरक्षण र विस्तारमा एउटा सफल उदाहरण बनेको छ, जसको विश्वव्यापी रूपमा प्रशंसा गरिन्छ । यस कार्यक्रमले स्थानीय समुदायलाई वन व्यवस्थापनमा संलग्न गराई वनको उत्पादकत्व बढाउनुका साथै जैविक विविधता संरक्षणमा समेत योगदान पुऱ्याएको छ ।

### जिम्मेवारी वहनको प्रण

नेपालको वातावरणीय पर्यावरण समस्या र सम्भावना दुवैले भरिएको छ । जलवायु परिवर्तन, वायु र जल प्रदूषण, वन फँडानी र फोहोर व्यवस्थापन जस्ता चुनौतीले यहाँको प्राकृतिक सन्तुलन र जनजीवनमा गम्भीर असर पारेका छन् । यद्यपि यी समस्या समाधान गर्न नसकिने होइनन् । आधुनिक प्रविधिको प्रयोग, दिगो विकासका मोडल अपनाउने, नवीकरणीय ऊर्जामा लगानी बढाउने, प्रदूषण नियन्त्रणका लागि कडा नियमन गर्ने, वन संरक्षणमा जनसहभागिता बढाउने र वातावरणीय शिक्षा तथा सचेतना कार्यक्रमलाई तीव्रता दिने जस्ता उपायबाट नेपालले आफ्नो पर्यावरणको संरक्षण गर्न सक्छ । यसका लागि सरकार, निजी क्षेत्र, नागरिक समाज, स्थानीय तह र आमजनता सबैको समन्वयात्मक र दृढ प्रयास अपरिहार्य छ ।

विश्व वातावरण दिवसको यस महत्वपूर्ण अवसरमा, हामी सबैले स्वच्छ, स्वस्थ र दिगो वातावरणका लागि व्यक्तिगत तथा सामूहिक रूपमा आफ्नो जिम्मेवारी वहन गर्ने प्रण गरौँ । स्वस्थ वातावरण नै मानव जीवनको आधार हो र भावी पुस्ताका लागि यो अमूल्य निधि हो, जसलाई हामीले जगेर्ना गर्नै पर्छ । नेपालको अनुपम सुन्दर पर्यावरणलाई जोगाउन अब ठोस कदम चाल्ने बेला भएको छ ।

Pratidin National Daily
प्रतिदिन

तपाई जहाँ भएपनि
प्रतिदिन दैनिक तपाईंसँगै
ताजा र विश्वसनीय खबरको लागि
लगइन गर्नुहोस
www.pratidindaily.com

# बाटो, माटो र पर्यावरण



• डा.तारानिधि भट्टराई

मानव जातिको अभ्युदय सँगसँगै बाटो निर्माण कार्य सुरु भएको मानिन्छ । एक ठाउँबाट अर्को ठाउँमा जाने क्रममा हिँडडुल गर्न सहज हुने धरातललाई पछ्याउँदै हिँड्दा मानिसका पाइला जताजता टेकिँदै गए त्यहाँ एउटा गोरेटो तयार हुन्थ्यो । त्यो बेलाको मानवीय अनुभवका आधारमा बनाइएका त्यस्ता गोरेटा धेरै हदसम्म बाढीपहिरोबाट सुरक्षित हुन्थे । हिउँद-वर्षा वा जुनसुकै ऋतुमा पनि त्यहाँ हिँडडुल सहज हुन्थ्यो । नदी नाला बारम्बार तर्नु नपर्ने गरी, तर्न तय गरेको ठाउँमा सकभर एउटा फड्के भए पुग्ने गरी र नजिकको गाउँमा पुग्न सकेसम्म छोटो हुने गरी यस्ता गोरेटा तयार पारिन्थे । वर्षाका समयमा कहीँ कतै भल, बाढी वा पहिरोले केही क्षति पुऱ्याएछ भने पनि त्यो ठाउँलाई वर्षा सकिना साथ स्थानीय निर्माण सामग्री प्रयोग गरेर स्थानीयवासीले नै मर्मत सम्भार गर्थे । त्यो बेलाको गोरेटो पर्यावरणमैत्री हुन्थ्यो ।

मानव सभ्यता अगाडि बढ्दै आउने क्रममा कतिपय यस्ता गोरेटालाई घोरेटो (घोडा हिँड्न मिल्ने बाटो) मा परिणत गरियो । विकासको क्रम सँगसगै घोरेटोलाई पनि फराकिलो पारेर गाडी गुडाउन मिल्ने गरी सडक वा राजमार्ग बनाउन थालियो । सडकको निर्माणपश्चात् यात्रा मात्र सहज भएन व्यापार व्यवसाय पनि फस्टाउन थाल्यो । सडकको उपस्थितिकै कारणले कैयौं नयाँ ठाउँमा सहर वा बस्ती विकास भयो भने बाटोले छोएका कैयौं पुराना गाउँ पनि सहरमा परिणत भए । हुँदा हुँदा अहिले त प्रत्येक गाउँलाई मोटर बाटोले जोड्ने एक किसिमको होडबाजी नै चलेको छ । चुनावताका उम्मेदवारहरू बाटो बनाइदिने प्रतिज्ञा गर्न भुल्दैनन् भने स्थानीय निकायको बजेटको मुख्य हिस्सा बाटो निर्माणमा नै खर्चिएको देखिन्छ । संघीय सरकार र प्रदेश सरकार पनि कतिपय ठाउँमा नयाँ बाटो बनाउने र भइरहेको बाटोलाई झन् फराकिलो र सुविधायुक्त बनाउने प्रक्रियामा लागेका देखिन्छन् । अवस्था यस्तो भइसकेको छ कि कुनै पहाडी डाँडामा उभिएर हेर्ने हो भने बाटोका सञ्जाल वरतिर परतिर प्रसस्तै देखिन्छन् । कतिपय ठाउँमा पहाडलाई चिथोरे जस्तो बाटो खन्दा क्षतविक्षत पारेका पाखा पनि मनग्गे देखिन थालेका छन् । पहाडी पाखामा आँखा बिझाउने गरी सिर्जिएका यी दृश्यलाई सडक बनाएको भनिन्छ तर यहाँ पहाड नै घाइते हुने गरी पाखो भत्काएका घटना छ्यापछ्याप्ती छन् । पहाड घाइते भएपछि त्यहाँको पर्यावरण बिथोलिन्छ र त्यसको असर अल्पकालीन मात्र नभएर दीर्घकालीन पनि हुने भएकाले यो गम्भीर चिन्ताको विषय हो ।

आधुनिक युगमा सडक निर्माण संसारको जुनसुकै भागमा पनि प्राथमिकताको विषय हो । सडकलाई कसरी दिगो, भरपर्दो, र वातावरणमैत्री बनाउने भन्ने सवालको जवाफ खोज्न अनुसन्धान भएका छन् र ती अनुसन्धानका नतिजा वैज्ञानिक जर्नलमा प्रकाशित पनि भएका छन् । संसारका विभिन्न विश्वविद्यालयमा राजमार्ग बनाउन आवश्यक पर्ने प्राविधिक मानव संसाधन तयार पार्न ‘ हाइवे इन्जिनियरिङ’ को पाठ्यक्रम नै पढाइन्छ र त्यहाँ अध्ययनरत विद्यार्थी अहिले पनि सडक निर्माणका विविध पक्षमा अध्ययन अनुसन्धान गरी नै रहेका छन् । नेपालकै विश्वविद्यालयमा पनि यो विषयको पढाइ हुन्छ र सडक बनाउन चाहिने उच्च प्राविधिक जनशक्ति तयार भइरहेका छन् । सडक निर्माणको काम गर्न भनेर सरकारले सम्बन्धित मन्त्रालय अन्तर्गत मानव संसाधन र बजेट विनियोजन गरी विभाग नै खडा गरेको छ । त्यस्तै, सडकको गुणस्तरलाई सुदृढ पार्न, सडकका कारण पर्यावरणलाई बिग्रन नदिन, र अनियमित कामकाबारहीलाई नियन्त्रण गर्न नेपाल सरकारले ऐन कानुन नै बनाएर कार्यान्वयनमा पनि ल्याएको छ । त्यति हुँदाहुँदै पनि किन सडक पहिरोविहीन हुन सकेका छैनन् त भन्ने अहम् प्रश्न खडा भएको छ ।

सडक बनाउने भनेको पृथ्वीको सतहमा हो, जुन विविधतापूर्ण हुन्छ । समथर मैदान, भिरालो पाखा र विकट भिर जस्ता विशेषताले परिपूर्ण छ जमिनको सतह । यसरी धरातलीय भूदृश्य एकनास नहुनुका पछाडि भौगर्भिक कारण छन् । पृथ्वीमा विभिन्न प्रकारका भौगर्भिक बल कार्यरत छन् । ती भौगर्भिक बलहरूलाई सन्तुलनमा राख्ने क्रममा जमिन समथर मात्र भएको छैन । यो त कतै होचो त कतै अग्लो, कतै भिरालो त कतै पहरो भएर बसेको छ । प्राकृतिक सन्तुलन कायम गर्न यी विशेषता पनि समय सँगसँगै परिवर्तन हुँदै जान्छन् । परिवर्तनको रफ्तार ढिलो हुन्छ जसलाई मानव जीवनले महसुस गर्न भ्याउँदैन । यहाँ बुझ्नुपर्ने कुरा के छ भने सडक बनाउन जुन ठाउँमा खन्न थालिन्छ (वा पहाड काट्न डोजर चलाइन्छ वा विस्फोटक पदार्थ पड्काइन्छ), त्यो ठाउँमा कार्यरत भौगर्भिक शक्ति बिथोलिन्छन् र शक्ति सन्तुलन गुम्छ । फलस्वरूप, त्यहाँ पहिरोको सुरुवात हुन्छ । हो, यहीविन्दुबाट बाटो, माटो र पर्यावरणको विनाश पनि सुरु हुन्छ ।

भिरालो भूभागमा रहेको माटो वा चट्टान गुरुत्वाकर्षणका कारणले तलतिर चिप्लन्छ वा खस्छ भने त्यस्तो प्रक्रियालाई पहिरो भनिन्छ । पहिरो जहाँ पायो त्यहाँ जाँदैन । निश्चित प्रकारका भौगर्भिक विशेषता भएका ठाउँमा मात्र पहिरो जान्छ । अर्थात्, पहिरोको सम्बन्ध पृथ्वीको सतहमा रहेका माटो र चट्टानका भौगर्भिक गुणसँग छ । त्यसैले, पृथ्वीमा मानिसको अभ्युदय हुनुभन्दा अघिदेखि नै पहिरो जाने प्रक्रिया चालु थियो । त्यो बेला, पहिरोको सुरुवात हुनुमा प्राकृतिक कारण (जस्तैः धेरै पानी पर्नु, शक्तिशाली भूकम्प जानु, ज्वालामुखी विस्फोट हुन, नदीले किनारा कटान गर्नु, इत्यादि) नै हावी हुन्थे । प्राकृतिक कारणले सुरु भएका प्रायः पहिरा निश्चित समयपछि आफैँ स्थिर हुन्छन् । हामीले हिँडडुल नै गर्न नसक्ने भिर-पाखामा पहिरो गएपछि त्यहाँको भिरालोपन पनि घट्छ र माटो पनि बन्छ । त्यही माटोमा बोटबिरुवा उम्रिएर हुर्किएपछि विरुवाको जराले माटोलाई समात्छ र पहिरो स्थिर हुन्छ । खासमा प्रागऐतिहासिक कालमा गएका पहिराले माटो मात्र बनाएनन् मानिसलाई गाउँ बस्ती बसाउन मिल्ने र खेती गर्न सहज हुने खालका भिराला पाखा पनि बनाए । हाम्रो देशका कैयौं गाउँ बस्ती पुरानो पहिरोमा बसेका छन् । अर्थात्, पहिरो एउटा यस्तो प्रक्रिया हो, जसले जमिनको सतहको भिरालोपनलाई घटाइदिन्छ र मानवमैत्री पाखाको साथसाथै खेती गर्न चाहिने माटो पनि बनाइदिन्छ । हुन त माटो बनाउने अरू प्राकृतिक प्रक्रिया पनि छन् तर केही मिनेटभित्रै निकै ठुलो परिमाणमा माटो बनाउन सक्ने क्षमता भएको पहिरो मात्र हो ।

मानव क्रियाकलाप (सडक बनाउनु, कुलो खन्नु, पोखरी बनाउनु, विस्फोटक पदार्थ पड्काउनु, जङ्गल फडानी गर्नु, इत्यादि) का कारणले पनि पहिरो जान्छ । यस्तो पहिरोलाई मानव सिर्जित पहिरो भनिन्छ । मानव क्रियाकलापका कारण सुरु भएका पहिरा

❖ बाँकी तेस्रो पृष्ठमा

# अमेरिकाको भिसा कडाइले नेपाली विद्यार्थीमा अन्योल

झापा(प्रस) । अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्प प्रशासनले अन्तर्राष्ट्रिय विद्यार्थी भिसामा कडाइ गरेपछि नेपाली विद्यार्थीमा अन्योल देखिएको छ । उच्च शिक्षा अध्ययनका लागि अमेरिका जाने तयारीमा रहेका नेपाली विद्यार्थीमा अन्योल देखिएको हो ।

अमेरिका नेपाली विद्यार्थीको रोजाइमा पर्ने उत्कृष्ट ५ मुलुकमध्ये एक हो । शिक्षा मन्त्रालयको तथ्यांकअनुसार पछिल्ला वर्षमा अमेरिकासहित जापान, क्यानडा, अस्ट्रेलिया, दक्षिण कोरिया र बेलायतमा विद्यार्थीको आकर्षण बढी छ । ट्रम्प प्रशासनले गैरआवासीय नागरिकलाई मात्र होइन, विद्यार्थी भिसामा पनि कडाइ गर्ने निर्णय गरेको छ ।

अमेरिकी सरकारले पछिल्लो पटक आफ्ना दूतावासहरूलाई विद्यार्थी भिसाका लागि अन्तर्वार्ताको समय नदिन आदेश दिएको छ । समय पाएका विद्यार्थीको अन्तर्वार्ता नरोकिए पनि नयाँ विद्यार्थीलाई समय दिन रोकिएको छ ।

अमेरिकी विदेशमन्त्री मार्को रुबिओले कूटनीतिक नियोगहरूलाई जारी गरेको सूचनामा थप निर्देशन नआएसम्म विद्यार्थी भिसाका लागि अन्तर्वार्ताको समय नदिन आदेश छ । अन्तर्वार्ताको समय दिइसकेको हकमा भने निरन्तरता दिन सक्ने भनिएको छ । अमेरिका पढ्न जाने विद्यार्थीलाई सम्बन्धित मुलुकको दूतावासले भिसा स्वीकृतिका लागि अन्तर्वार्ता सञ्चालन गर्ने अभ्यास हुँदै आएको छ ।

अमेरिकी विदेश मन्त्रालयको आदेशपछि नेपाली विद्यार्थीले अमेरिका जाने योजना रद्द गर्दै अन्य मुलुकलाई गन्तव्य बनाउने वा नेपालमै उच्च शिक्षा पढ्ने योजना बनाउन थालेको नेपाल शैक्षिक परामर्श संघ (इक्यान) का पूर्वअध्यक्ष विष्णुहरि पाण्डेको भनाइ छ । 'यो नेपालका विश्वविद्यालय र कलेजलाई मौका पनि हो,' उनले भने ।

गैरआवासीय नगारिकलाई कडाइ गरेदेखि नै नेपाली विद्यार्थीले अन्तर्वार्ताका लागि समय पाए पनि कतिपय सहभागी नभएको पाण्डे बताउँछन् । 'भिसा कडाइले अहिले अमेरिका जान चाहनेको संख्या शून्यप्रायः नै छ । ट्रम्प नेतृत्वमा आएदेखि नै विद्यार्थी हच्किएका थिए,' उनले भने, 'अहिले त अन्तर्वार्ताको मिति नै रोकिएको छ ।'

आईटी, इन्जिनियरिङका विभिन्न विधा र रिसर्च सेन्टरमा पढ्न विदेश जाने नेपाली विद्यार्थीको संख्या उच्च छ । चालु आर्थिक वर्षमा अमेरिकाका लागि ८ हजार विद्यार्थीले वैदेशिक अनुमति पत्र एनओसी लिएको शिक्षा मन्त्रालयको तथ्यांक छ । २०८०/८१ मा १२ हजार, २०७९/८० मा साढे ६ हजार, २०७८/७९ मा ८ हजार विद्यार्थीले एनओसी लिएका थिए ।

शिक्षा मन्त्रालय उच्च शिक्षा महाशाखाका सहसचिव वैकुण्ठ अर्यालले अहिले विद्यार्थी भर्नाका बेला नभएले खासै प्रभाव नदेखिए पनि आगामी दिनमा असर पर्न सक्ने बताए । कक्षा १२ को नतिजा प्रकाशित भएपछि भदौदेखि मंसिरसम्म एनओसी लिने विद्यार्थीको चाप बढी हुने गर्छ । 'प्रक्रिया पूरा गरेर आवेदन आएको एनओसी जारी भइरहेको छ । अमेरिकाका लागि जापान, कोरियाजस्तो अत्यधिक चाप पनि होइन,' उनले भने, 'अहिले भर्नाको बेलाको सिजन पनि नभएकाले ठूलो प्रभाव देखिएको छैन ।' कक्षा १२ को परीक्षा सकेर अमेरिका जाने तयारीमा जुटेका विद्यार्थीमा भने सबैभन्दा अन्योल देखिएको कन्सल्टेन्सी सञ्चालकहरू बताउँछन् । टोफल, आईईएलटीएस, पीटीईलगायत कक्षा लिएर विद्यार्थी अमेरिका जाने तयारी गर्छन् । तयारी गरे पनि आवेदन नै दिन नपाइने हो कि भन्ने अनिश्चितता देखिएको परामर्शदाताहरूको भनाइ छ ।

# केआईईसीको १६ औं शाखा बिर्तामोडमा

बिर्तामोड(प्रस) ।अष्ट्रेलिया, न्यूजिल्याण्ड,बेलायत, अमेरिका , क्यानडा लगायतका देशमा अध्ययनका लागि जाने विद्यार्थीलाई लक्षित गर्दै झापाको बिर्तामोडमा पहिलो पटक शैक्षिक 'रोड शो' को आयोजना गरिएको छ ।

काठमाडौं इन्फोसिस एजुकेशन कन्सलटेन्सी ( केआईईसी ) को आयोजनामा जेठ २५ गते आइतवारका दिन बिर्तामोडमा शैक्षिक रोड शो को गरिने भएको हो ।

पाँच देशका १२ वटा युनिभर्सिटीका विज्ञहरुले रोड शो मा सहभागी विद्यार्थी र अभिभावकलाई शैक्षिक परामर्श प्रदान गर्ने बिर्तामोडमा विहीवार पत्रकार सम्मेलन गर्दै जानकारी दिइयो ।

केआईईसीका प्रवन्ध निर्देशक राजेन्द्र रिजालको समेत उपस्थितिमा बिर्तामोडमा शाखाको समेत उद्घाटन गर्दै विद्यार्थीलाई झापाबाटै शैक्षिक परामर्श प्रदान गर्ने तयारी गरिएको बताइएको छ ।
आलोक कार्की, सुशील भण्डारी, विवेक नेपाल , सुमन उप्रेती, प्रितम कोइराला, सुमन श्रेष्ठ गरी ६ जनाको संयुक्त लगानीमा बिर्तामोडस्थित भद्रपुर रोडमा केआईईसीको १६ औं शाखा सञ्चालनमा आउन लागेको पत्रकार सम्मेलनमा जानकारी दिइयो ।

कन्सलटेन्सीबाट अध्ययनका लागि विदेश जाने विद्यार्थीलाई शैक्षिक परामर्श प्रदान गरिने जनाइएको छ ।

जसका लागि भारतमा लामो समयसम्म काम गरेका शैक्षिक विज्ञहरुले परामर्श दिने केआईईसी बिर्तामोड शाखाका सञ्चालक भण्डारीले जानकारी दिए ।

कोशी प्रदेशमा बिराटनगर र इटहरीमा शाखा कार्यालय रहेको केआईईसीको वंगलादेशसहित अष्ट्रेलिया र युकेमा तीन वटा अन्तर्राष्ट्रिय शाखा रहेको सञ्चालक कार्कीको भनाई छ ।

केआईईसीको मुख्य कार्यालय भने काठमाडौंस्थित पुतलीसडकमा रहेको छ भने यो कन्सलटेन्सी विगत १९ वर्ष अघिदेखि सञ्चालनमा रहेको पत्रकार सम्मेलनमा जानकारी दिइयो ।

# तुलसी सहकारी ठगी काण्डमा तीन जनालाई कैद

झापा(प्रस) । विराटनगरस्थित तुलसी बहुमुखी सहकारी संस्थाको करोडौं रुपैयाँ अपचलन गरेको ठहर गर्दै मोरङ जिल्ला अदालतले अध्यक्षसहित तीन जनालाई कैद, जरिवाना र बिगो तिर्ने सजाय सुनाएको छ ।
जिल्ला न्यायाधीश सीता शर्मा अधिकारीको एकल इजलासले बिहीबार सहकारीका अध्यक्ष केदारनाथ शर्मालाई ६ वर्ष कैद, ६९ करोड ५९ लाख २१ हजार २६८ रुपैयाँ बिगो र सो बराबरकै जरिवाना तोकेको छ । साथै, पीडित राहत कोषमा २ करोड ७० लाख ३६ हजार ८५० रुपैयाँ बुझाउन पनि अदालतले आदेश दिएको जिल्ला अदालतका श्रेस्तेदार मणि पोखरेलले जानकारी दिए ।

त्यसैगरी, सहकारीका क्षेत्रीय प्रबन्धक मन्दीप खवासलाई २ वर्ष २ महिना कैद, २७ लाख रुपैयाँ बिगो र त्यति नै जरिवाना तोकिएको छ । उनलाई राहत कोषमा १ लाख ८ हजार रुपैयाँ जम्मा गर्न आदेश दिइएको छ ।
सहकारीकी सचिव सविना न्यौपानेलाई भने २ वर्ष कैद र पीडित राहत कोषमा ६ सय रुपैयाँ बुझाउन आदेश दिइएको छ ।

सहकारीको नाममा सदस्यहरूबाट संकलन गरिएको ठूलो रकम हिनामिना भएको भन्दै पीडितहरूले पटक-पटक न्याय माग्दै आएका थिए । अदालतको पछिल्लो फैसलाले लामो समयदेखि न्यायको पर्खाइमा रहेका पीडितहरूले राहत पाएका छन् ।

## पूर्वप्रधानमन्त्री....

भन्ने मुख्य सचिवले हेर्ने विषयको भएको बयान दिएका छन् । पतञ्जली जग्गा हिनामिना प्रकरणमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगले २०८१ चैत ७ गते लिएको बयानमा नेपालले गलत उद्देश्य राखी आफूले कुनै निर्णय नगरेको पनि बताएका हुन् ।

बिहीबार पतञ्जली जग्गा हिनामिना प्रकरणमा पूर्वप्रधानमन्त्री एवं नेकपा एसका अध्यक्ष माधवकुमार नेपालविरुद्ध भ्रष्टाचार मुद्दा दायर भएको छ । अख्तियार दुरुपयोग अनुसन्धान आयोगले नेपालसहित जग्गा हिनामिना प्रकरणका प्रतिवादीहरूविरुद्ध बिहीबार विशेष अदालतमा मुद्दा दायर गरेको हो ।
पतञ्जलीका नाममा हदबन्दी छुटमा जग्गा खरिद गर्न र किनेको दुई महिना नबित्दै गैरकानुनी रूपमा हाउजिङ कम्पनीलाई बेच्ने स्वीकृति दिन तत्कालीन प्रधानमन्त्री नेपालले नै निर्देशन दिएका थिए। २०६६ सालमा भारतीय योगगुरु रामदेवको पतञ्जली योगपीठ तथा आयुर्वेद कम्पनीले काभ्रेको बनेपामा ५ सय ९३ रोपनी जग्गा खरिद गरी ३ सय ५३ रोपनी हाउजिङ कम्पनीलाई बेचिएको थियो । अख्तियारसँगको बयानमा पूर्वप्रधानमन्त्री नेपालले भने २०६६ पुस २९ गते बसेको मन्त्रिपरिषद्को बैठकको निर्णय के कुन आधारमा गरिएको हो भन्ने विषयममा आफूलाई ठ्याक्कै सबै याद नभएको बताएका छन् । 'तलैबाट आएका सबै निर्णय कानुनसम्मत छ छैन हेर्ने काम मुख्य सचिवको टिमको हुन्छ। मुख्य सचिवले सबै हिसाबले प्रस्ताव उपयुक्त छ भन्ने ठहर गरी प्रधानमन्त्री र पछि मन्त्रिपरिषद्मा पेस गरेपछि त्यहाँबाट निर्णय हुने गर्छ। प्रश्न उठेमा, शंका लागेमा वा थप बहसको आवश्यकता महसुस भएमा त्यो विषय थप छलफल र बहसको विषय बन्छ,' नेपालले बयानमा भनेका छन्, 'हैन भने आएका प्रस्तावलाई मन्त्रिपरिषद्ले पारित गर्दछ। प्रधानमन्त्री एक्लैले कुनै निर्णय गर्न पाउँदैनन् र त्यस्तो चलन भएको मलाई जानकारी छैन। पतञ्जली योग पीठ तथा आयुर्वेद कम्पनी नेपालले माग गरेको हदबन्दीभन्दा बढी जग्गा के कुन प्रयोजनमा प्रयोग गर्न खोजेको भन्ने विषयमा यकिन नभई के कसरी कुन आधारमा निर्णय भयो भन्ने बारेमा कुनै याद छैन।'
पतञ्जलीलाई हदबन्दी छुटको जग्गा खरिद र बिक्री गर्न अनुमति दिँदा नेपाल नेतृत्वको मन्त्रिपरिषद्मा भूमिसुधारमन्त्रीमा डम्बर श्रेष्ठ, मुख्य सचिवमा माधव घिमिरे र भूमिसुधार सचिवमा छविराज पन्त थिए । पतञ्जलीको जग्गा बेच्न प्रस्ताव अघि बढाउन मन्त्री श्रेष्ठलाई तत्कालीन प्रधानमन्त्री नेपालले नै निर्देशन दिएको लिखित तथ्य अनुसन्धानमा फेला परेको अख्तियारको दाबी छ । तत्कालीन मुख्यसचिव घिमिरे १० वर्षअघिको जिप दुर्घटनामा त्रिशूलीमा बेपत्ता भएका थिए । त्यसैले उनकी श्रीमती कमला घिमिरेलाई प्रतिवादी बनाइएको छ ।
त्यस्तै नेकपा एकीकृत समाजवादीले अध्यक्ष नेपालमाथि भ्रष्टाचार मुद्दा लगाउनु राजनीतिक प्रतिशोध र षड्यन्त्र भएको निष्कर्ष निकालेको छ । अख्तियार दुरुपयोग अनुसन्धान आयोगले बिहीबार नेपालमाथि मुद्दा लगाएपछि बसेको सचिवालय बैठकले राजीतिक प्रतिशोध र षड्यन्त्र भएको भन्दै राजनीतिक रुपमा प्रतिवाद गर्ने निर्णय गरेको छ । 'अध्यक्षमाथि मुद्दा लगाउनु राजनीतिक प्रतिशोध लिँदै षडयन्त्रमूलक प्रहार भएको निष्कर्ष छ,' उपाध्यक्ष प्रकाश ज्वालाले भने, 'हामी यसलाई राजनीतिक रुपमा प्रतिवाद गर्छौं ।'
पदाधिकारी बैठकले नेपालविरुद्ध अख्तियारमा मुद्दा दर्ता भइसकेकाले तथ्य प्रमाण जुटाएर कानुनी रुपमा अघि बढ्ने निर्णय गरेको छ । नेकपा एसले मन्त्रिपरिषद्ले गरेका नीतिगत निर्णय हालसम्म अख्तियारले नहेरेको उल्लेख गर्दै नेपालमाथि मुद्दा लगाउनुमा सरकारको छाया अख्तियारमा परेको दाबी गरेको छ ।
'सरकारको छाया अख्तियारमा परेको हुनाले यसमा राजनीतिक प्रतिशोध र षड्यन्त्र छ,' ज्वालाले भने ।

## बाटो...

सितिमिति आफैं स्थिर हुँदैनन् । तिनीहरूलाई यथासम्भव चाडो नियन्त्रण गर्नु पर्छ । नत्र पहिरो झन्झन् ठुलो हुँदै जान्छ र अकल्पनीय क्षति बेहोर्नुपर्ने हुन्छ । अहिले हाम्रा पहाडी सडकमा जे देखिएको छ त्यो मानव सिर्जित पहिरो (सडक खन्दा निम्त्याएको पहिरो) लाई नियन्त्रण नगर्नाको परिणाम हो ।

माथि भनिए झैं निश्चित भौगर्भिक विशेषता भएका ठाउँमा मात्र पहिरो जान्छ । कतिपय त्यस्ता ठाउँमा बाटो खन्न थाल्नेबित्तिकै पहिरो सुरु भइहाल्छ भने कतिपय ठाउँमा बाटो बनाइसकेपछि मात्र पहिरोका सङ्केत देखिन थाल्छन् । त्यस्तै, काहीँ सानो पहिरो जान्छ भने कतैकतै माथि पहाडको सिरानदेखि नै भीमकाय पहिरो गल्र्यामगुर्लुम खस्छ । कुन ठाउँमा कत्रो पहिरो जान्छ भन्ने कुरा त्यो ठाउँको भौगर्भिक अवस्था, बाटाको चौडाइ, काटिएका रुखको संख्या, बाटो खन्दा प्रयोग गरिएको प्रविधि, बाटो खन्दा निक्लिएको माटोलाई व्यवस्थित तरिकाले थन्क्याएको वा जथाभावी फालिएको, बाटोको किनारमा भल पानी बग्ने ढलको व्यवस्था गरेको वा नगरेको जस्ता कुरामा भर पर्छ ।

बाटोका कारण गएका पहिरोले बाटोलाई त बिगार्छ नै । त्योदेखि बाहेक, यसले आफ्नो पथमा परेका रुख-बिरुवा, ढुङ्गा, माटो, खेत बारी, मठमन्दिर, स्कुल, अस्पताल, गाउँ बस्ती केहीलाई पनि छोड्दैन । गहिरो खालको पहिरो गएको ठाउँमा त भूमिगत जल बग्ने बाटो पनि भत्काइदिन्छ यसले । फलस्वरूप पानी जति सबै पहिरोमा नै अचानक मूल फुटेर निक्लन्छ र छेउछाउका पहिलेदेखि नै चलनचल्तीमा रहेका खानेपानीका मुहान सुक्न थाल्छन् । खानेपानीको अभावमा बसाइँसराइको अवस्था आइ पर्छ । पहिरोले बगाएका रुख बिरुवामा गुड लगाएर जीवनचर्या धानिराखेका निरपराध चराचुरुङ्गीको उठिवास हुन्छ । त्यस्तै, जमिनमा दुलो पारेर घरजम गर्ने प्राणीको इहलिला पनि पहिरोले क्षणभरमा नै समाप्त पारिदिन्छ । पिता-पुर्खाको रगत पसिनाले ढुङ्गा-माटो मिलाएर बिराएका खेतबारीको अमूल्य माटोलाई पहिरोले बगाएर नजिकको खोलामा पुऱ्याउँछ । त्यो खोलाले अर्को खोलामा र अर्काले नजिकको नदीमा पुऱ्याउँदै गर्दा अन्त्यमा नेपाली माटो बिदेसिन्छ । जति माटो बगेर जान्छ त्यति माटो (हामी मानिसले त माटो बनाउन नै सक्तैनौं) प्रकृतिले बनाउन अर्को हजारौं वर्ष पर्खनु पर्छ ।
पहिरोको विध्वंसमा परेका गाउँबस्तीमा कति को ज्यान जान्छ कति घाइते वा अपाङ्ग हुन्छन्, कति टुहुरा हुन्छन् हृदयविदारक स्थिति उत्पन्न हुन्छ त्यहाँ । कहिलेकाहीँ त पहिरो बग्दै गएर नजिकको नदीलाई पूर्ण रूपमा छेकी दिन्छ र त्यहाँ केही समयभित्रमा नै एउटा ठुलो तलाउ बन्छ । पानी जम्मा हुँदै गएपछि त्यो तलाउ पनि फुट्छ र नदीको तल्लो तटीय क्षेत्रमा अचानक भीषण बाढी आउँछ । त्यो बाढीको ताण्डव नृत्यका कारण नदी किनारका बस्ती जलमग्न हुनुका साथै धेरै जनधनको क्षति हुन्छ । यसरी कुनै एउटा सानो ठाउँबाट सुरु भएको बाटो सृजित पहिरोले त्यो क्षेत्रको पर्यावरणलाई नै तहस नहस पार्न सक्छ । पहिरोले विध्वंस मच्चाएका यस्ता उदाहरण प्रसस्तै छन् तर पनि हामीहरू चेतिरहेका छैनौं ।
कुनै सडक खण्डमा पहिरो गएको र यातायात बन्द भएको खबर सञ्चार माध्यममा आउँछ। त्यो सडक सिर्जित पहिरो जान तारताम्य मिलाउने पात्रको लापरबाहीपूर्ण कथा कहिल्यै पनि सार्वजनिक भएको सुनिँदैन । सडक बनाउने कुरालाई अचेल लहडमा लिएको जस्तो देखिन्छ । खासमा कुनै दुई ठाउँ (वा गाउँ) लाई जोड्न सडक बनाउनु पऱ्यो भने सम्बन्धित विभिन्न विधाका (जस्तैः सर्वेयर, हाइवे इन्जिनियर, भूगर्भशास्त्री, जल तथा मौसम विज्ञ, अर्थशास्त्री, सामजशास्त्री, इत्यादि) प्राविधिकको टोली खटाएर अध्ययन गराउनु पर्छ । त्यो टोलिले गरेको सिफारिस अनुसारको भूगोलमा सीमित भएर सडक खन्नु पर्छ, त्यो पनि प्राविधिककै निगरानीमा । उनीहरूले खुट्याएका पहिरो जाने सम्भावित ठाउँमा उनीहरूको सिफारिस अनुरूपको पहिरो नियन्त्रण कार्य पनि बेलैमा गर्नु पर्छ तर यहाँ त्यस्तो भइरहेको छैन । बाटोलाई जग्गा व्यापारको माध्यम बनाएर प्राविधिकको सल्लाह नै नलिइकन डोजर चलाएर जतासुकै ग्रामीण बाटो खन्न थालिएको छ ।
ठुला ठुला राजमार्गका हकमा पनि पहिरो जाने सम्भावनालाई ज्युँकात्युँ छोडेर निर्माण सम्पन्न भयो भनेर यातायात सञ्चालन गरिन्छ । त्यही राजमार्गमा गुडिरहेको बसलाई पहिरोले बगाएको खबर आउँछ । दोषी को हो भनेर खोजी नै हुँदैन । त्यस्तै सडक खन्दा निक्लिएको माटोलाई नियमविपरीत एक ठाउँमा थुपारेर राखिन्छ । वर्षाको बेला त्यही माटो बगेर सडकको तल्लो घुम्तीमा रोकेर राखेका गाडीलाई पुर्दा मानिसको मृत्यु भएका घटना पनि सार्वजनिक भएका छन् । समाचारपत्रमा यो खबरले मुख्य शीर्षकका रूपमा ठाउँ पाउँछ तर फेरि पनि दोषी को भन्ने प्रश्न अनुत्तरित रहन्छ । बाटो, माटो र पर्यावरणको खल्बलिएको त्रिकोणात्मक सम्बन्धका केही प्रतिनिधिमूलक उदाहरण हुन् यी घटना ।
माथि उल्लेख गरिए झैं सडक वा राजमार्ग बनाउनु भनेको नितान्त प्राविधिक कुरा हो । अनुभव प्राप्त सम्बन्धित विधाका विज्ञले मात्र दिगो, भरपर्दो र वातावरण-मैत्री सडक बनाउन सक्छ । जसरी मानिसको शल्यक्रिया गर्न अस्पतालमा डाक्टरको समूहले (एक जनाले होइन) नै सहकार्य गर्छन्, ठ्याक्कै त्यसै गरी सडक बनाउँदा पनि सम्बन्धित विधाका ज्ञाताको सामूहिक निगरानीमा मात्र सडक खन्ने काम गर्नु पर्छ । त्यसो नगरीकन सडक बनाउन आदेश दिने सरकारी अधिकारी वा जननिर्वाचित प्रतिनिधिलाई कानुनको कठघरामा उभ्याउनु पर्छ । जसरी उपचारको क्रममा बिरामीलाई हानिनोक्सानी भयो बने संलग्न चिकित्सकलाई कानुनी प्रक्रियाद्वारा जवाफदेही बनाइन्छ त्यसै गरी पहिरो सिर्जित सडक बनाउने कर्मचारीलाई पनि डण्ड जरिबाना गराउने कानुनी परिपाटी बनाउनु पर्छ । किनभने विज्ञको समूहमा मिलेर गर्ने काम एक्लैले गर्छु भन्नु, विज्ञको समूहलाई दिनुपर्ने जम्मेवारी एक जनालाई मात्र सुम्पनु, सडक बनाउँदा पहिरो जाने स्थिति उत्पन्न गर्नु वा पहिरो नियन्त्रणका उपाय अवलम्बन नगरी यातायात सञ्चालन गर्नु जस्ता कार्य भनेको जघन्य अपराध हो । यस्ता कार्यले सडकमा यातायातको सुविधा प्राप्त हुँदैन बरु विपत्को ओइरो लागेर आउँछ, जसले जनधनको क्षति मात्र होइन गम्भीर पर्यावरणीय समस्या पनि उन्पन्न गर्छ । त्यसैले, नीति निर्माताले मात्र पनि होइन हामी सर्वसाधारणले पनि माटो, बाटो र पर्यावरण बचाउन कटिबद्ध हुनु जरुरी छ ।

सडकमा गाडी गुडाएबापत यातायात व्यवसायीले सरकारलाई कर तिर्नु पर्छ । हामी यात्रीले पनि भाडामार्फत कर तिरेका हुन्छौं । यात्रीसँग कर लिएर यात्रुवाहक गाडीलाई गुड्न दिनु भनेको सरकारले सडक सुरक्षित छ निस्फिक्रिसँग यात्रा गर्नु भनेको हो कि होइन ? हो भने हामीसँग कर लिने अनि करदातालाई नै पहिरोको मुखमा पुऱ्याएर ज्यान लिने काम सरकारले गर्न पाउँछ ? यदाकदा सरकारले मृतकका परिवारलाई र घाइतेलाई केही सहयोग गरेको सुनिन्छ । पहिरोको कारण यति जनधनको क्षति भयो भनेको पनि सुनिन्छ । सडक सिर्जित -मानव सिर्जित) पहिरोको कारण देशले कति माटो गुमाउँदै छ र यसले के कस्ता पर्यावरणीय समस्या निम्त्याउँदै छ भनेर काहीँ कतै छलफल नै हुँदैन । त्यस्तै, सडक सृजित पहिरोमार्फत बिदेसिएको माटो र बिग्रिएको पर्यावरणका कारण देशलाई के कति आर्थिक भार पर्दै छ र यसलाई कसरी नियन्त्रण गर्ने भन्ने सवाल पनि अनुत्तरित छ । सडक बनाउँदा एउटा रुख काट्नु पऱ्यो भने २५ वटा विरुवा रोप्नुपर्ने कानुनी प्रावधान छ । ती रुखलाई जीवन दिने माटो बगाउनेलाई (पहिरो जाने क्रियाकलाप गर्ने व्यक्ति वा त्यस्तो काम गर्ने गराउने सरकारी कर्मचारी लाई) कुनै कानुनी कारबाही नै नगर्ने त ? जबसम्म यी प्रश्नको जवाफ खोजिँदैन तबसम्म बाटो, माटो र पर्यावरण सुरक्षित रहँदैन ।

**सुपर काईनेटिक एक्सप्रेस कुरियर**

राष्ट्रिय तथा अन्तर्राष्ट्रिय चिठि, पत्र, पार्सल पठाउन परे हामिलाई सम्झनुहोस् ।
**बिगत ३ दशकदेखी अनुभवी तथा विश्वासिलो एकमात्र कुरियर**

**सम्पर्क:**
**फोन: ०२३-५४०४७८**
**मो: ९८५२६७७३५५**
**बिर्तामोड (सिटि सेन्टर), झापा, अदुवा खोला छेउ**

## वर्गीकृत विज्ञापन संकलन केन्द्रहरु :

| चन्द्रगढी, भद्रपुर | दमक | मेचीनगर | उर्लाबारी | इलाम, मंगलबारे | काकँरभिट्टा | झापा बजार |
|---|---|---|---|---|---|---|
| लोकबहादुर कुँवर : ९८४२६९३९९६<br>द्रोण अधिकारी : ९८४२६२८७९१ | विष्णु सुब्बा : ९८५२६७०१३७<br>देविबहादुर बस्नेत : ९८१७९२४६२१ | चारआली : ९८४२७०३०१३<br>गोबिन्द घिमिरे : ९८१५५५०१५० | रुपेन्द्र शेर्मा : ९८४२०९२४०६<br>विराटनगर<br>क्रिएटिभ आई: ०२१-५२५६१० | रणवीर लिम्बू<br>९८१६९८४७५७ | फ्रेन्डसिप पुस्तक पसल<br>०२३-५६२४२४ | बरत राजवंशी<br>९८१७०४९००१ |

## आजको राशिफल

**मेष** नयाँ वस्त्र र अलङ्कारको प्राप्ति पनि हुनसक्छ ।मनोरञ्जनमा सहभागिता भइनेछ

**वृष** महत्वपूर्ण कामको थालनी हुनेछ । कुनै कुराले मनमा शान्ति छाउनेछ ।

**मिथुन** आज रमाइलो यात्राको सम्भावना छ । रोकिएको धन हात पर्ला ।

**कर्कट** नयाँ ज्ञान सिक्ने मौका मिल्नेछ । स्वादिष्ट भोजनको आनन्द समेत पाइएला ।

**सिंह** आज महिला वर्गबाट विशेष साथ र सहयोग मिल्नेछ । अरुलाई प्रभावित पारेर

**कन्या** मनोरञ्जनको क्षेत्रमा सफलता मिल्नेछ । शरीर भारी र मन अस्थिर रहने संकेत

**तुला** आज आम्दानी प्रशस्तै बढ्नेछ । प्रेम र दाम्पत्य जीवन सुखमय हुनेछ ।

**वृश्चिक** सामाजिक क्षेत्रबाट राम्रो सहयोग पाइनेछ ।धार्मिक तथा समाज सेवामा मन लाग्नेछ।

**धनु** आज छोटो दुरीको लाभदायक यात्रा रहला । एकपछि अर्को अवसर आउनाले मन

**मकर** घरमा अतिथिको आगमन हुनेछ । स्वास्थ्यको ख्याल गर्नु पर्नेछ ।

**कुम्भ** राजनैतिक कार्यमा सफलता मिल्नेछ । विपरीत वर्ग प्रति आकर्षण बढ्नेछ ।

**मिन** परीक्षा र पढाईमा राम्रै सफलता मिल्ला । रमाइलो यात्रा गर्ने अवसर प्राप्त हुनेछ ।